धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज २० गते शनिवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2023 October 07 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४९

## महिलाको रहस्यमय हत्या, अनुसन्धान हुँदै


पूनमदेवी र उनको घर। तस्वीर: प्रतीक

प्रस, वीरगंज, १९ असोज/
वीरगंज महानगरपालिका-१ बजार छपकैयाान एकजना विवाहित महिलाको हत्या भएको छ। शुक्रवार बिहान ४० वर्षीया पूनमदेवी सोनारिन घाइते अवस्थामा फेला परेको र उनलाई उपचारको लागि नारायणी अस्पताल लगिएको र त्यहाँ उपचार सम्भव नभएपछि नेशनल मेडिकल कलेजमा लगिएकोमा त्यहाँ उनको निधन भएको प्रहरीले जनाएको छ।

मृतक पूनम पेशाले ब्युटिशियन हुन्। उनको वडा नं ३ वडा कार्यालयअगाडि ब्युटिपार्लर रहेको छ। उनको टाउकोमा धारिलो हतियार प्रहार भएकोले हत्या गरिएको प्रहरीले प्रारम्भिक अनुसन्धानबाट पत्ता लगाएको छ। हत्याको कारण खुल्न सकेको छैन भने हत्यारा पनि पत्ता लागेको छैन।

जिल्ला प्रहरी कार्यालय, पर्साका प्रवक्ता कुमार विक्रम थापाले घटना सम्बन्धमा अनुसन्धान भइरहेको बताएका छन्।

वीरगंज महानगरपालिका-१ छपकैयामा गएराति महिलाको हत्याका कारण अहिले पर्सा प्रहरीको चौतर्फी आलोचना शुरू भएको छ। ती महिला आफ्नै घरमा सुतिरहेको बेला उनको हत्याको प्रयास भएको र उपचारको क्रममा नेशनल मेडिकल कलेजमा मृत्यु भएको प्रहरीले दाबी गरेको छ।

घटनास्थलमा पुगेर स्थानीय तथा पर्सा प्रहरीसँग सम्पर्क गर्दा मृत्युको कारण फरकफरक रहेको पाइएको थियो। स्थानीयका अनुसार मृतक पूनम भारतीय हुन्। उनी लामो समयदेखि आफ्नो घरमा एक्लै बस्दै आएकी थिइन्। उनकी छोरीको बिहे भइसकेको र छोरा चार वर्षअगाडि दिल्ली पढ्न गएपछि घरदेखि चार मिटरपूर्व एकजनाको घरमा ब्यूटिपार्लर सञ्चालन गर्दै आएको छिमेकीहरूको भनाइ छ।

बिहान ७ बजे पसलमा जाने तर राति कति बेला आउने कसैलाई थाहा नहुने छिमेकीको भनाइ छ।

उनका पति गगनदेव २५ वर्षदेखि भारतको ग्वालियरमा मैदा कारखानामा काम गर्छन्। पति केही समयको लागि कहिलेकाहीं घर आउने गरेको छिमेकीको भनाइ छ।

पूनमले भाडामा लिएर सञ्चालन गरेको ब्युटीपार्लरका घरधनी, उनका छोरा र बुहारीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

प्रहरी अधिकृतका अनुसार घरबहाल दिने व्यक्तिको छोरालाई बिहान नियन्त्रणमा लिएको र राति बुहारी र उनका बुबालाई पक्राउ गरिएको थियो। प्रहरीले अनुसन्धान गरिरहेकोले उनीहरूको नाम सार्वजनिक गरेको छैन।

पूनमको मोबाइल कल डिटेलबाट घरधनीका छोराबीच बढी कुरा भएकोले उनीहरूलाई नै पहिलो अनुसन्धानको घेरामा राखेर अनुसन्धान भइरहेको प्रहरीको दाबी छ।

## चेपाङ्ग समुदायको संरक्षण गर्न नगरपालिकाले गर्छ -नगरप्रमुख

प्रस, निजगढ, १९ असोज/
पूर्पाङ्ग समुदायको आर्थिक, सामाजिक उत्थानका लागि सूर्य घलानले चेपाङ्ग समुदायमामा शिक्षाको अभाव, परम्परागत कृषि पेशा, भीर पाखाको रैथाने बसोवासका कारण



तस्वीर: प्रतीक

सरोकारवालाहरूको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम निजगढमा शुक्रवार सम्पन्न भयो।

कार्यक्रममा निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरीले मधेस प्रदेशको निजगढ नगरपालिका-१३ डम्बरपुर रहेका चेपाङ्ग समुदायको मौलिक भाषा, कला, संस्कृति पहिचान नगुम्ने, खलल नपुग्ने गरी उनीहरूको जीवनशैली, शिक्षा, स्वास्थ्य, रोजगारलाई प्राथमिकतामा राख्दै उनीहरूको उत्थानका लागि अघि बढ्नुपर्ने बताए। चेपाङ्ग समुदायका बालबालिकाहरू शिक्षाबाट वञ्चित नहोस् भन्नाका लागि निजगढ नगरपालिका सचेत रहेको उनले बताए। चेपाङ्ग समुदायको रैथाने बसोवास डाँडा पाखामा रहने भएकोले खानेपानीको अभाव, कृषि उत्पादन निकै कम हुँदा आर्थिक अभाव झेलिरहने उनीहरूको जीवनस्तर उकास्ने जिम्मेवारी स्थानीय तह, प्रदेश र सङ्घीय सरकारको रहेको उनले बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति, बाराकी उपाध्यक्ष चन्द्रिका उप्रेतीले चेपाङ्ग समुदायको आर्थिक, सामाजिक उत्थानका लागि सबै तहका सरकार अघि बढ्नुपर्ने बताइन्।

त्यसैगरी, निजगढ-१३ का अध्यक्ष उनीहरूलाई खानेपानी, शिक्षा, स्वास्थ्यलगायतका राज्यबाट पाउनुपर्ने सेवा सुविधाहरूबाट विगतमा वञ्चित गरिए पनि स्थानीय तहमा जनप्रतिनिधिहरू आइसकेपछि उक्त सेवा सुविधाहरू प्रवाह भइरहेको बताए। यस वडामा लगभग ३५ घरधुरीभन्दा बढी चेपाङ्ग समुदाय रहेको उनले बताए। त्यसैगरी, चेपाङ्ग समुदायका बस्तीमा होमेस्टे, उनीहरूद्वारा उत्पादित मौलिक परिकार, हस्तकलालगायतका सीपलाई व्यावसायिकरूपमा प्रवर्धन गरेमा आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्न सकिने होटल व्यवसायी सङ्घ, बाराका अध्यक्ष अर्जुन लम्सालले बताए।

कार्यक्रममा मधेस प्रदेश नीति तथा योजना आयोगका उपसचिव रत्नेश शशी, कृषि तथा पशुपक्षी विकास मन्त्रालयका अधिकृत लक्ष्यबहादुर चौधरी, विभिन्न सङ्घसंस्थाका प्रतिनिधि, जनप्रतिनिधि, सञ्चारकर्मीलगायतले रायसुझाव दिएका थिए।

राष्ट्र निर्माण मञ्च, नेपालको आयोजनामा सम्पन्न कार्यक्रमको सहजीकरण संस्थाका अध्यक्ष निर्मल उप्रेतीले गरेका थिए।

## आन्दोलनबाट फर्किएका शिक्षकहरूलाई ठोरीमा सम्मान

प्रस, ठोरी, १९ असोज/
नेपाली काङ्ग्रेस, ठोरीले शिक्षकहरूको काठमाडौं केन्द्रित सडक आन्दोलनको औपचारिक नैतिक समर्थन गरेको छ। गत असोज ३ गतेदेखि विभिन्न माग राखी काठमाडौंको सडक आन्दोलनबाट विभिन्न चरणमा सरकारसँग सम्झौता गरी फर्किएका ठोरीका शिक्षकहरूलाई नेपाली काङ्ग्रेस, ठोरीले स्वागत, बधाई तथा सम्मान गर्दै नैतिक समर्थन गरेको हो।

ठोरी गापा-४ निर्मलबस्तीमा आयोजित सम्मान कार्यक्रममा आन्दोलनबाट फर्किएका शिक्षकहरूलाई नेका महाधिवेशन प्रतिनिधि रामबहादुर श्रेष्ठ, प्रकाश खनाल र सन्तोष श्रेष्ठले टीका र खादा लगाइ सम्मान गरेका थिए। नेका, ठोरीका सभापति सन्तोष श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेका महाधिवेशन प्रतिनिधि रामबहादुर श्रेष्ठ र प्रकाश खनालले यो देशमा शिक्षक जस्तो सम्मानित पेशामा रहेका व्यक्तिहरूले आफ्नो अधिकारका लागि सडक आन्दोलन गर्नुपर्ने अवस्थाप्रति राज्यले विवेक नपुऱ्याएको धारणा राखे। जुन देशमा शिक्षा र शिक्षकको मान र मर्यादा रहँदैन, त्यो देशको विकास सम्भव नभएकोले शिक्षण पेशालाई मर्यादित बनाइनुपर्ने धारणा उनीहरूको थियो।

राज्यले शिक्षकसँग गरेका सम्झौता नहिच्किचाइ पूरा गर्न उनीहरूले जोड दिए। भावी पुस्ताको लागि सम्मानित पेशा बनाउनको लागि पनि आन्दोलनरत शिक्षक र सरकारबीच भएको सम्झौता अक्षरशः पालना गर्न सरकार कटिबद्ध हुनुपर्ने धारणासमेत उनीहरूको थियो।

सभापति सन्तोष श्रेष्ठले शिक्षकलाई जबसम्म हँसिलो अनुहार बनाएर कक्षाकोठामा प्रवेश गराउने वातावरण सरकारले बनाउँदैन, तबसम्म शिक्षामा गुणस्तर नआउने बताए। नानाथरीका शिक्षकहरूलाई एकरूपता गराइ सामान्य




तरीकाको प्रक्रिया पुऱ्याइ सरकारले स्थायी बनाउनुपर्ने बताए। शिक्षकमाथि व्यापक भेदभाव रहिरहेको बताउँदै सभापति श्रेष्ठले जबसम्म शिक्षालाई हेर्ने नजरमा सुधार आउँदैन, तबसम्म समाज परिवर्तन नहुने बताए।

कार्यक्रममा नेपाल शिक्षक महासङ्घ, ठोरीका अध्यक्ष अमृत श्रेष्ठ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका केन्द्रीय सदस्य केशव शर्मा, नेपाल शिक्षक सङ्घ मधेस प्रदेश समितिका सदस्य चिरञ्जीवी सापकोटा, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, ठोरीका अध्यक्ष गोपीलाल श्रेष्ठ, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन एकीकृत ठोरीका अध्यक्ष दीपेन्द्र सापकोटा, बालविकास शिक्षक सङ्घर्ष समिति, ठोरीकी अध्यक्ष सुमित्रा परियारलगायतका शिक्षक अगुवाहरूले आआफ्नो धारणा राखेका थिए।

शिक्षक अगुवाहरूले भर्खरै सम्पन्न शैक्षिक आन्दोलनका उपलब्धिहरूलाई शिक्षा ऐनमा नसमेटिए दोस्रो आन्दोलनको लागि तयारी अवस्थामा रहन समेत शिक्षकहरूलाई अनुरोध गरे।

स्वागत तथा सम्मान कार्यक्रमको सहजीकरण नेपाली काङ्ग्रेस, ठोरीका सचिव भक्तबहादुर श्रेष्ठले गरेका थिए। कार्यक्रममा काठमाडौंको सडक आन्दोलनमा गएका शिक्षकहरूको सहभागिता थियो।

## सशस्त्र प्रहरीद्वारा २७ जनाको सकुशल उद्धार

प्रस, निजगढ, १९ असोज/
निजगढ नगरपालिका ६ र ७ स्थित भमरा खोलामा आएको बाढीका कारण घर आउन नसकेका २३ जना गोठाला र


डुबान र बाढीमा फसेका स्थानीयहरूको उद्धार गर्दै सशस्त्र प्रहरी। तस्वीर: प्रतीक

बस्ती डुबानका कारण विपतमा फसेका चारजनालाई सशस्त्र प्रहरी निजगढले सकुशल उद्धार गरेको छ।

बिहीवार बेलुकी मुसलधारे वर्षाले एक्कासि वडा नं ६ स्थित भमरा खोलामा आएको बाढी तर्न नसकेका १८ जना र वडा नं ७ स्थित सोही भमरा खोलामा पाँचजना खोला तर्न नसकेपछि खोलाछेउको जङ्गलमा रहेका उनीहरूलाई सशस्त्र प्रहरी बेस नेपाल विपद् व्यवस्थापन बेस निजगढका प्रमुख एवं सशस्त्र प्रहरी नायब उपरीक्षक दिनेश शर्माको कमान्डमा तालीमप्राप्त सशस्त्र प्रहरीको टोलीले डोरीको सहायताबाट बिहीवार राति १० बजेसम्म ती गोठालाहरूलाई

(बाँकी अन्तिम पातामा)

## ऐतिहासिक पत्थरको अवशेष समाप्त

प्रस, सिम्रौनगढ, १९ असोज/
प्रसिद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल बाराको सिम्रौनगढ नपा-२


तस्वीर: प्रतीक

जोडा पीपलनजिक रहेको पुरातात्त्विक एवं धार्मिक मान्यता बोकेको चर्चित पत्थरको अवशेष समाप्त भएको छ।

एकजना व्यक्तिको खेतमा रहेको यो पत्थर अघिल्लो दिनमा चर्चित थियो। जतिसुकै पानी आएको खण्डमा पनि नडुब्ने र उत्खनन नहुने अवस्थामा थियो। राणाकालीण अवस्थामा यो पत्थरलाई निकाल्ने प्रयास गर्दा तत्कालीन अवस्थामा पनि सकिएको थिएन।

स्थानीय वृद्ध जङ्गबहादुर महतोले राणाकालीन अवस्थामा हात्तीले उत्खनन गर्न नसकेको पत्थर अहिले संरक्षण अभावमा नष्ट भएको बताए। पत्थर काटिएर अल्पत्ररूपमा खेतमा फालिएको अवस्थामा फेला परेको सिम्रौनगढ नपा-३ नौकाटोलका गुड्डुकुमार कुशवाहाले बताए।

ऐतिहासिक नमूनाको रूपमा रहेको पत्थरको सम्बन्धमा स्थानीय प्रशासन मौन रहेको उनको आरोप छ।

## विचारसार र सूक्तिहरू

**जसरी सोचविचार गरेर बोल्नु एउटा कला हो भने मौन रहनु पनि कुनै साधनाभन्दा कम होइन ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# इपिजीको प्रतिवेदन

**नेपाल–भारत प्रबुद्ध व्यक्तिहरूको समूह (इपिजी)को प्रतिवेदन सार्वजनिक गर्न विज्ञहरूले सुझाव दिएका छन् । राष्ट्रियसभा अन्तर्गतको राष्ट्रिय सरोकार समितिको बैठकमा विज्ञहरूले उक्त सुझाव दिएका हुन् । नेपाल–भारत प्रबुद्ध व्यक्ति समूह (इपिजी)ले प्रतिवेदन तयार गरेको पाँच वर्ष पुगिसकेको छ । सो समूहको अन्तिम बैठक १६ असार २०७५ सालमा बसेको थियो । प्रतिवेदनले अन्तिम रूप पाएको पाँच वर्ष बितिसक्दा पनि प्रतिवेदन सार्वजनिक भएको छैन । परराष्ट्र मन्त्रालयमा थन्किएको उक्त प्रतिवेदनको स्वामित्व नेपाल सरकारले पनि लिइसकेको छैन । प्रतिवेदन तयार भएपछि नेपाल–भारत दुवै मुलुकका प्रधानमन्त्रीलाई प्रतिवेदन बुझाउने प्रबुद्ध व्यक्ति समूहको तयारी थियो । तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी विभिन्न बहाना गर्दै प्रतिवेदन बुझ्न तयार नभएपछि नेपालका प्रधानमन्त्रीले पनि प्रतिवेदन नबुझेको हो । नेपाल र भारत दुवैतर्फका विज्ञ व्यक्तिहरू टोलीमा सहभागी थिए । उक्त विज्ञ समूहले बनाएको प्रतिवेदन नेपालको पक्षमा सकारात्मक रहेको कारण भारतले बुझ्न नमानेको भन्ने टिप्पणीहरू आएका छन् ।**

**इपिजीको कार्यादेशमा 'दुई देशबीच विगतमा भएका सबै सहमति, सम्झौता र व्यवस्थापन पुनरावलोकन गर्ने र २१औं शताब्दीको विकसित परिप्रेक्ष्यको आवश्यकताका आधारमा दुवै सरकारलाई सिफारिश गर्ने। दुई देशबीच आपसी विश्वास, सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक सम्बन्ध थप मजबूत बनाउने आवश्यक उपायहरू सिफारिश गर्ने' उल्लेख थियो । त्यसैगरी 'यो शताब्दीमा दुई देशबीच थप सुदृढ सम्बन्धका निम्ति आवश्यक संस्थागत संयन्त्र/ढाँचा सिफारिश गर्ने । शान्ति, समृद्धि, हार्दिकता अभिवृद्धि गर्दै सीमापार अपराध निर्मूलीकरणका निम्ति उपाय सिफारिश गर्ने । दुई देशबीच मित्रता प्रवर्द्धन र सुदृढीकरणका लागि आवश्यक अन्य क्षेत्र सिफारिश गर्ने' उल्लेख थियो । इपिजीमा दुवै मुलुकका चार/चार जना सदस्य छन् । नेपालका तर्फबाट पूर्वपरराष्ट्रमन्त्री भेषबहादुर थापा, तत्कालीन नेकपा एमालेका सांसद डा राजन भट्टराई, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त सूर्यनाथ उपाध्याय र पूर्वकानूनमन्त्री नीलाम्बर आचार्य थिए । भारततर्फबाट भने भारतीय जनता पार्टीका तत्कालीन उपाध्यक्ष भगतसिंह कोशियार, नेपालका लागि भारतीय पूर्वराजदूत जयन्तप्रसाद, जवाहरलाल नेहरू विश्वविद्यालयका प्राध्यापक महेन्द्र पी लामा र बिसी उप्रेती छन् ।**

**प्रतिवेदनमा विज्ञहरूले समस्या र समाधानका उपायसमेत पहिचान गरेका छन् । समस्यासँग दुवै मुलुक परिचित छन् तर प्रतिवेदन बुझ्न नमान्नुले समाधानका लागि भारत अनिच्छुक छ भन्ने सन्देश जनमासमा गएको छ । इपिजी गठन प्रक्रियामा भारतका तत्कालीन प्रधानमन्त्री मनमोहन सिंह र वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीले समेत अपनत्व लिएका हुन्, प्रतिवेदन तयार भएमा बुझ्ने वचन पनि दिएका हुन् । तत्कालीन भारतीय विदेशमन्त्री सुषमा स्वराजले २०१९ को चुनावपछि प्रतिवेदन बुझ्छौं भनेर सार्वजनिक घोषणा गरेकी थिइन् । प्रबुद्ध समूहलाई दुवै मुलुकले कार्यादेशसहित प्रतिवेदन तयार गर्न लगाएपछि प्रतिवेदन बुझ्न दुवै सरकारले चासो देखाउनुपर्ने हो । नेपालका प्रधानमन्त्री प्रचण्डले त भारत भ्रमणको क्रममा भारत रिसाउला भनेर इपिजीको [redacted]नी बताएका छन् ।**

# खराब राजनीतिले खराब कुरालाई नै प्रोत्साहन गर्छ

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**पेटभरि खान नपाएर ८० लाख जति नागरिक विदेश गइसकेका छन् तर हाम्रा प्रजातान्त्रिक गणतान्त्रिक पार्टी र तिनका नेताहरू गाउँगाउँमा धर्मशाला, मन्दिर, मस्जिद, पशुपतिमा सुनको जलहरीजस्ता अनुत्पादक क्षेत्रमा विकासको बजेट सिध्याइरहेका छन् ।**

हाम्रो समाजमा निकै पुरानो एउटा कहावत छ–'सङ्गतगुनाको फल' । अर्थात् 'फूलको आँखामा फूलै संसार काँडाको आँखामा काँडै संसार' । भनाइको मतलब मान्छेको दृष्टिकोण जस्तो हुन्छ उसले संसारलाई त्यस्तै देख्छ र त्यस्तै बनाउन हरसम्भव प्रयास पनि गर्छ । यो संसारमा परिवर्तन सबैलाई प्यारो हुन्छ । शासक र शासित दुई भागमा बाँडिएको मानव समाजभित्र मुठीभरिका शासकहरूले सुख, शान्ति, मोजमस्ती र समृद्धि; निस्सन्देह बहुसङ्ख्यक शासित जनताको दुःख, बेहाली, गरीबी, शोषण, उत्पीडन, महँगी, बेरोजगारी आदिकै जगमा प्राप्त गरेका हुन्छन् । तर यो वास्तविकता आम जनसमक्ष उजागर नहोस् र आफूहरू चिरकालसम्म महान् तथा सम्मानित बन्न पाइयोस् भन्ने हेतुले योजनाबद्ध किसिमले ठूलो षड्यन्त्र रचेर धर्म र ईश्वरीय सत्तालाई राज्यसँग संस्थागत गरेको यतिबेला सजिलै देख्न सकिन्छ । विश्वभरिका भ्रष्टाचारी, माफिया, दलाल पूँजीवादका दलाल तथा तस्करहरू, समाजमा प्रतिष्ठित कथित इमानदार धनाढ्य, राजा–महाराजा, संसद्वादमा लागेका सबै राजनीतिक नेताहरू र सरकारको नेतृत्व गर्नेहरूले आफ्नो अवैध कमाइलाई वैध बनाउन तथा आफ्नो बेइमानीलाई इमानदार देखाउन आजसम्म प्रयोग गर्दै आएको सबैभन्दा ठूलो अस्त्र हो धर्म, भाग्य, पूर्वजन्म आदि । यिनीहरूले आफ्नो हैसियतको कारण जहिले पनि आफू भाग्यशाली भएको, पूर्वजन्ममा पुण्य काम गरेको, ईश्वरले भाग्यमा लेखिदिएकोजस्ता अन्धविश्वासी, मनगढन्ते, काल्पनिक, भ्रमपूर्ण कुरा गर्दै आएका छन् । जबकि वास्तवमा यिनीहरूले राज्यको ढुकुटीमा ब्रह्मलुट मचाएको र जनतालाई महँगी, चर्को कर तथा व्यापक भ्रष्टाचार र कमिशनमार्फत दोहन गरेर धन–सम्पत्तिको साम्राज्य खडा गरेका हुन्छन् । यस्तोमा यदि कसैले उनीहरूको लुटको स्वर्गमाथि औंला उठाउन खोज्छ वा तिनीहरूलाई संरक्षण गर्ने धर्म वा ईश्वरीय सत्ताको अस्तित्वमाथि प्रश्न उठाउन खोज्छ भने शासकहरूले योजनाबद्ध ढङ्गबाट समाजभित्र धार्मिक दङ्गाहरू भड्काउँदै आएको निकै लामो मानव इतिहास साक्षी छ । यस्तोमा शासकहरूद्वारा प्रयोग गरिने सबैभन्दा बढी एउटा शब्द हो –'नास्तिकता' ।

आउनुस् यही नास्तिकताबारे केही चर्चा गरौं–

नास्तिकता वा नास्तिकवाद अथवा अनीश्वरवाद (Atheism) के हो ?

जीवन र जगत्लाई सृष्टि गर्ने, सञ्चालन र नियन्त्रण गर्ने कुनै पनि ईश्वर यो संसारमा छैन, अर्थात् ईश्वरको अस्तित्व स्वीकार नगर्ने विचार वा सिद्धान्तलाई नास्तिक भनिन्छ । (नास्ति = न+अस्ति) छैन । अर्थात् ईश्वर छैन) नास्तिकहरू ईश्वर (भगवान)को अस्तित्व झूटो मान्दछन् । अधिकांश नास्तिक कुनै पनि देवीदेवता, पारलौकिक शक्ति, धर्म र आत्मा मान्दैनन् । तर हिन्दू दर्शनमा वेदहरूलाई नमान्ने विचार वा व्यक्तिलाई नास्तिक मानिएको छ ।

ईश्वरवादीका अनुसार मनुष्यको मनमा ईश्वर प्रत्यय जन्मदेखि नै हुन्छ र त्यो स्वयंसिद्ध एवं अनिवार्य हो । यसले ईश्वरको अस्तित्वको बोध गराउँछ । तर अनिश्वरवादी भन्दछन्–ईश्वरभावना सबै मनुष्यमा अनिवार्यरूपमा पाइँदैन र यदि पाइएमा त्यो केवल मनको भावना हो । मनको भावनाले बाहिरी वस्तुको अस्तित्व सिद्ध हुँदैन । मनका धेरै धारणालाई आजको आधुनिक विज्ञानले असिद्ध प्रमाणित गरिसकेको छ । त्यसैगरी ईश्वरवादीहरू भन्छन्–संसारमा सबै वस्तुको कारण हुन्छ । विनाकारण कुनै कार्य हुँदैन । कारण दुई प्रकारका हुन्छन्–एक उपादान, जसद्वारा कुनै वस्तु बन्दछ, र अर्को निमित्त, जसले त्यसलाई बनाउँछ । त्यसैले घट, पट र घडी सरह समस्त जगत् पनि एउटा कार्य (कृत घटना) हो अतएव यसका पनि उपादान र निमित्त कारण हुनुपर्छ । केही मानिस ईश्वरलाई, जगतको निमित्त कारण र केही मानिस निमित्त र उपादान दुइटै कारण मान्दछन् ।

तर अनीश्वरवादीको दृष्टिकोणमा–यसको कुनै प्रमाण हामीसित छैन कि घट, पट र घडीसरह समस्त जगत् पनि कुनै समय उत्पन्न अथवा आरम्भ भएको थियो । यसको प्रवाह अनादि छ, अतः यसको स्रष्टा र उपादान कारण खोज्ने आवश्यकता छैन । यदि जगत्को स्रष्टा कुनै ईश्वर मानिलिएमा अनेक कठिनाइको सामना गर्नुपर्नेछ, जस्तैः–उसले सृष्टि गर्नुमा के प्रयोजन थियो ? भौतिक सृष्टि केवल मानसिक अथवा आध्यात्मिक सत्ताले कसरी गर्न सक्छ ? यदि यसको उपादान कुनै भौतिक पदार्थ मानौं भने पनि त उसले यसको नियन्त्रण कसरी गर्न सक्छ ? ऊ स्वयं भौतिक शरीर अथवा उपकरणहरूको सहायताले कार्य गर्दछ अथवा विना यसको सहायताले ? सृष्टि नभई ती उपकरण र भौतिक शरीर कहाँबाट आयो ? यस्तो सृष्टिको रचना गर्ने ईश्वर, (जसलाई उसका भक्त सर्वशक्तिमान, सर्वज्ञ र कल्याणकारी मान्दछन्) सँग के प्रयोजन छ, जसमा जीवनको अन्त मरणमा, सुखको अन्त दुःखमा, संयोगको वियोगमा र उन्नतिको अवनतिमा हुने गर्छ ? यस दुःखमय सृष्टिलाई बनाएर, जहाँ एउटा प्राणीलाई खाएर अर्को प्राणी बाँच्ने गर्दछ र जहाँ सबै प्राणी एक–अर्काका शत्रु छन् र आपसमा सङ्घर्ष हुने गर्छ, यसमा उसलाई (ईश्वरलाई) के लाभ हुन्छ ? यस जगत्को दुर्दशाको वर्णन योगवासिष्ठको एउटा श्लोकमा राम्ररी दिइएको छ, जसको आशय निम्निलिखित छ–

कुन चैं यस्तो ज्ञान छ जसमा त्रुटि छैन, कुन चैं यस्तो दिशा छ जहाँ दुःखको अग्नि प्रज्वलित हुँदैन, कुन चैं यस्तो वस्तु उत्पन्न हुन्छ जुन नष्ट हुँदैन, कुन चैं यस्तो व्यवहार छ जुन छलकपटरहित छ ? यस्तो संसारको रचना गर्ने सर्वज्ञ, सर्वशक्तिमान र कल्याणकारी ईश्वर कसरी हुन सक्छ ?

ईश्वरवादीहरू के युक्ति दिने गर्दछन् भने यस भौतिक संसारमा सबै वस्तुभित्र र समस्त सृष्टिमा, नियम र उद्देश्यमा सार्थकता पाइन्छ । यो कुरा यसको द्योतक हो कि यसलाई सञ्चालन गर्ने कोही बुद्धिमान ईश्वर छ । यस युक्तिको अनीश्वरवाद यस प्रकार खण्डन गर्दछ कि संसारमा धेरै घटना यस्ता पनि हुन्छन् जसको कुनै उद्देश्य, अथवा कल्याणकारी उद्देश्य हुँदैन, जस्तै– अतिवृष्टि, अनावृष्टि, अकाल, बाढी, आगलागी, अकालमृत्यु, बूढो हुनु, व्याधि आउनु र धेरै हिंसक र दुष्ट प्राणी । संसारमा जति नियम र ऐक्य देखिन्छ उति नै अनियमितता र विरोध पनि देखिन्छ । यी कुराहरूको कारण खोज्नु त्यति नै आवश्यक छ, जति नियम र ऐक्यको । जसरी समाजमा सबै मानिसलाई राजा अथवा राज्य प्रबन्धले एकअर्काप्रति व्यवहारमा नियन्त्रित राख्छ, त्यसैगरी संसारका सबै प्राणीहरूमाथि शासन गर्ने र उनीहरूलाई पाप र पुण्यको निम्ति यातना, दण्ड र पुरस्कार दिने ईश्वरको आवश्यकता छ । यसको उत्तरमा अनीश्वरवादी यो भन्दछन् कि संसारमा प्राकृतिक नियमका अतिरिक्त र कुनै नियम देखिंदैन । पाप र पुण्यको भेद मिथ्या हो जुन मनुष्यले आफ्नो मनले बनाएको हो । यहाँ सब क्रियाहरूको प्रतिक्रिया हुन्छ र सब कामहरूको लेखा बराबर हुन्छ । यसको लागि कुनै अर्को नियामक तथा शासकको आवश्यकता छैन । यदि पाप र पुण्यको लागि दण्ड र पुरस्कारको प्रबन्ध हुन्थ्यो तथा त्यसलाई रोक्ने र गराउने कुनै ईश्वर हुन्थ्यो भने पुण्यात्माहरूको रक्षा हुन्थ्यो र पापात्माहरूले दण्ड पाउँथे । ईसामसीह र गाँधीजस्ता पुण्यात्माहरूको नृशंस हत्या हुने थिएन ।

यस प्रकार अनीश्वरवाद ईश्वरवादी सूक्तिहरूको खण्डन गर्दछ र यहाँसम्म भन्ने गर्छ कि यस्तो संसारको सृष्टि गर्ने यदि कोही छ भने बुद्धिमान र कल्याणकारी ईश्वर होइन, दुष्ट र मूर्ख शैतानलाई नै हुनुपर्छ ।

हामीले हाम्रै समाजमा अनेक स्वार्थले भरिएका नाटकहरू दिनहुँ मञ्चन भइरहेको देख्छौं । राजकीय सत्ताबाट पाउने व्यक्तिगत सुख, समृद्धि निरन्तर पाइरहनका लागि निर्वाचनमा जित्न जरूरी छ । पेटभरि खान नपाएर ८० लाख जति नागरिक विदेश गइसकेका छन् तर हाम्रा प्रजातान्त्रिक गणतान्त्रिक पार्टी र तिनका नेताहरू गाउँगाउँमा धर्मशाला, मन्दिर, मस्जिद, पशुपतिमा सुनको जलहरीजस्ता अनुत्पादक क्षेत्रमा विकासको बजेट सिध्याइरहेका छन् । जनताले देशमैं रोजगार पाओस् र देशमैं बसोस् भन्ने कुरामा कसैको ध्यान छैन । कुनै कारखाना खोल्दैन, जनतामा भ्रम छर्न शपथ लिने क्रममा ईश्वरको नाममा शपथग्रहण गर्दैन । आफूलाई नास्तिक देखाउँछ । फेरि त्यही व्यक्ति ठोरीमा राम जन्मेको हो भनी त्यहाँ राम मन्दिर बनाउने कुरा पनि गर्छ । आफूलाई असली कम्युनिस्ट पनि भन्छ र भारतको उज्जैनमा गेरूवस्त्रमा शिवपूजनमा प्रकट पनि हुन्छ ।

अनि यस प्रकारको सडेको संसद्वादी दलाल पूँजीवादी राजनीतिक व्यवस्थाले हामीलाई कहाँ पुऱ्याउँछ ? सरकार भूमाफिया, तस्कर, भ्रष्टाचारी तथा दलालहरूको पकडमा रहेको हुनाले एउटा सङ्तले हातमा नाङ्गो खुकुरी लिएर मान्छेले मान्छे काट्न खुलेआम भड्काउने भाषण दिंदा गृह मन्त्रालय निदाएर बस्छ, सयकडौं मानिस हातहतियारसहित धरानलाई खरानी बनाउन हिंड्दा सरकारको कुम्भकर्ण निद्रा भङ्ग हुँदैन भने समाजभित्र जहाँ धर्मनिरपेक्षता छ, त्यहाँ विभिन्न समुदायका मानिस कसरी आफूलाई सुरक्षित महसूस गर्न सक्छ ? एकातर्फ संविधानतः राज्य धर्मनिरपेक्ष छ भनिन्छ, अर्कोतर्फ राष्ट्रप्रमुख नै कुनै धर्मविशेषको टीका बाँडिरहेका देखिन्छन् । यस्तो विसङ्गत अवस्थामा राज्यप्रति कसैले कसरी अपनत्व ग्रहण गर्न सक्छ ? त्यसैले जबसम्म हाम्रो देशमा दलाल पूँजीवादी व्यवस्था रहन्छ तबसम्म राज्यबाटै, योजनाबद्ध किसिमले खराब कुराहरू, जसले हाम्रो समाजको एकता र सहिष्णुतामा खलल पुऱ्याउँछ ती कुराहरूको संरक्षण भइरहन्छ । जन विरोधी विचार र व्यवहारले पर्दा पछाडिबाट प्रोत्साहन पाइरहन्छ ।

# निजी क्षेत्रको सक्रियताविना आर्थिक विकास सम्भव छैन : मन्त्री रिजाल

पाटन (ललितपुर), १९ असोज/रासस

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले निजी क्षेत्रको सक्रियताविना आर्थिक विकास सम्भव नहुने बताए ।

ललितपुर उद्योग वाणिज्य सङ्घको ४४औं वार्षिक साधारणसभामा उनले निजी क्षेत्रको सक्रियता भएको देशमा तीव्र आर्थिक विकास भएको धारणा राख्दै सरकार र निजी क्षेत्रले सहकार्य गरेर जानुको विकल्प नरहेको बताए ।

"सामाजिक उत्तरदायित्वमा ललितपुर उद्योग वाणिज्य सङ्घले पुऱ्याएको योगदान र खेलेको भूमिकाको प्रशंसा गर्न चाहन्छु, निजी क्षेत्रको सक्रियता भएको देशमा तीव्र आर्थिक विकास भएको छ, निजी क्षेत्रको सक्रियताविना आर्थिक विकास सम्भव छैन, सरकार र निजी क्षेत्र सहकार्य गरेर जानुको विकल्प छैन," मन्त्री रिजालले भने ।

बाग्मती प्रदेशका उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री रामकृष्ण चित्रकारले औद्योगिक विकास र हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि प्रदेश सरकारले आवश्यक काम गरिरहेको बताए । "हामीले औद्योगिक विकास र हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि महत्त्वपूर्ण काम गरिरहेका छौं, उपभोक्ताको अधिकारका लागि पनि कानून निर्माणका क्रममा रहेको छ, हाम्रो मन्त्रालय सहकार्य गरेर उद्योग वाणिज्य क्षेत्रको प्रवर्द्धनमा लाग्नेछ," प्रदेशमन्त्री चित्रकारले भने ।

उनले निजी क्षेत्रलाई बलियो र लगानीमैत्री बनाउने गरी वातावरण तयार गर्नका लागि प्रदेश सरकार नीतिगत तथा कानूनीरूपमा सहयोग गर्न तत्पर रहेको धारणा राखे ।




नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधिसभा सदस्य उदय शम्शेर राणाले औद्योगिक नीतिमा भएको दोहोरोपन र अनावश्यक करलाई हटाउनुपर्ने धारणा राखे । उनले अहिले नेपालको अर्थतन्त्रका बारेमा भएकोभन्दा बढी नकारात्मक प्रचारप्रसारका कारण समस्या बल्झिएको बताए । उद्योग व्यवसायीलाई सहज हुनेगरी करको दर

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८

वाटिका

वर्ष ३७ | २०८० असोज २० गते शनिवार | 2023 October 07 Saturday



# मधेस प्रदेशका लघुकथाको विषयगत विश्लेषण

समीक्षा



सञ्जय मित्र

mitrasanjay41@gmail.com

**१. विषय प्रवेश**

मधेस प्रदेशमा आठ जिल्ला छन् । हरेक जिल्लामा साहित्यकारहरू छन् । हरेक जिल्लाबाट विभिन्न साहित्यिक कृतिहरू प्रकाशन भइरहेका छन्। प्रदेशको साहित्यिक कृतिको विश्लेषण पनि भइ नै रहेको छ । साहित्यका विभिन्न विधामध्ये लघुकथा एक हो। लघुकथाको क्षेत्रमा पनि मधेस प्रदेशमा निकै ठोस कामहरू भइरहेका छन् । लघुकथा प्रतिष्ठानले हरेक दिन साँझमा लघुकथासम्बन्धी कार्यक्रम निरन्तर सञ्चालन गरिरहेको छ । लघुकथाका एकल तथा संयुक्त कृतिहरू प्रकाशन भइरहेका छन् । विभिन्न पत्रपत्रिकामा लघुकथा तथा तिनका समीक्षा आइरहेका छन्। प्रदेशबाहिरका विभिन्न मञ्चहरूमा मधेस प्रदेशका लघुकथा प्रकाशित भइरहेका छन् ।

यस्तै, बाग्मती प्रदेशको मकवानपुरमा दर्ता भई प्रकाशनरत लोकभावना वैचारिक तथा साहित्यिक त्रैमासिक पत्रिकाले ६१औं अङ्क 'लघुकथा विशेषाङ्क'को रूपमा प्रकाशित गरेको छ। यसै अङ्कमा परेका मधेस प्रदेशका लघुकथाहरूको आधारमा 'मधेस प्रदेशका लघुकथाको विषयगत विश्लेषण' सङ्क्षिप्त आलेख प्रस्तुत गरिएको छ।

**२. मधेस प्रदेशका लघुकथा**

'जनभावना' त्रैमासिकको 'लघुकथा विशेषाङ्क'मा मधेस प्रदेश दुई किसिमले आएको छ। बाराका नवराज रिजालले 'नेपाली लघुकथामा सामाजिक चिन्तन' शीर्षकमा विशेषाङ्कको आमुख लेखेका छन्। यो नै पत्रिकाको मूल आलेख हो। पत्रिकाको अन्तिममा रौतहटका विवेक वाइवाले 'अतिथि सम्पादकको कुरो' शीर्षकमा एउटा लघु आलेख लेखेका छन्। यो अतिथि सम्पादकीय हो। पत्रिकाको यस अङ्कमा वाइवा 'अतिथि सम्पादक' छन्।

यस 'लघुकथा विशेषाङ्क'मा प्रकाशित लघुकथाका कथाकारहरूको लघुकथाको अन्त्यमा ठेगाना दिइएको छ। अधिकांश रचनाकारको ठेगाना दिइएको भएपनि केही रचनाकारको ठेगाना भने नदिइएको पनि देखिएको छ। रचनाकारले आफैंले नलेखेको वा लेख्न नचाहेको वा लेखेर पठाएको भएपनि प्रकाशित हुन नसकेको हुन सक्छ।

एक लघुकथाकारका दुई लघुकथा प्रकाशित छन् र दोस्रो लघुकथाको अन्त्यमा ठेगाना दिइएको छ। दिइएको ठेगानाको मधेस प्रदेशका निकै कम लघुकथा परेका छन्। र लघुकथाको अन्त्यमा दिइएको ठेगानाकै आधारमा मधेस प्रदेशका लघुकथाको विषयगत विश्लेषण गरिएको छ।

पत्रिकामा किशुनदयाल श्रीकृष्ण, गोपाल अश्क, नवराज रिजाल, यमुना प्रधानाङ्ग मुना, यशु श्रेष्ठ, रेणु गुप्ता र सञ्जय साह मित्रका दुई/दुई लघुकथा प्रकाशित छन्।

किशुनदयाल श्रीकृष्ण रौतहटका सर्जक हुन्। उनको पहिलो लघुकथा हो, इयाद हए हमरा। बज्जिका भाषामा यो लघुकथा रहेको छ। यस शीर्षकको नेपाली अनुवाद हुन्छ– सम्झना छ मलाई । आन्तरिक दृष्टिबिन्दुमा लेखिएको यस कथामा म पात्रलाई बाल्यकालको सम्झना रहेको छ । यसमा विपन्नता, अज्ञानता र शिक्षित–अशिक्षितको भेदलाई प्रस्तुत गरिएको छ। श्रीकृष्णको दोस्रो लघुकथा हो, इन्टरनेटको दुरुपयोग। यसमा गाउँमा विद्यालयमा निशुल्क इन्टरनेट उपलब्ध भएपछि किशोरवयमा देखिएको विकृतिलाई विषयवस्तु बनाइएको छ। दुरुपयोग नगर भनेर सम्झाउँदा तार नै काटिदिएको सङ्केत लघुकथामा गरिएको छ।

गोपाल अश्क नेपालमा प्रसिद्ध लघुकथाकार हुन्। उनी पर्सा, वीरगंजका हुन्। उनका लघुकथालाई नेपालमा मानक लघुकथा पनि मानिएको छ । यसमा अश्कको पहिलो लघुकथा हो, चिन्ता। यस लघुकथामा स्वानुभूतिको गन्ध पाइन्छ। एक कर्तव्यनिष्ठ र जिम्मेवार पिताको चिन्ता यसमा देखाइएको छ। यो यथार्थपरक रचना हो । विषय र प्रस्तुति दुवै यथार्थ लाग्छन्। लघुकथाको अन्तिममा आएको प्रश्न, 'यो किन हुँदोरहेछ ?' पढेपछि सोझै पाठकको ध्यान शीर्षकतिर तानिन्छ । अश्कको दोस्रो लघुकथा हो, बिग्रिँदै गएको अक्षर। यस लघुकथामा पहिले निकै राम्रो अक्षर हुने एक लेखकको अक्षर बिग्रिँदै गएको प्रस्तुत गर्दै यसले पारेको प्रभावलाई देखाइएको छ। उमेरसँगै धेरै कुरो बग्दोरहेछ अक्षर, सम्बन्ध, प्रवृत्ति । यसैगरी, अक्षरसित जोडिएका हुन्छन्– स्मृति, नाता र समय। अक्षरले दिंदो पनि रहेछ अनेक थोक । यो गम्भीर विषय भएको कथा हो । पाठकलाई आफ्नो जीवनको धेरै क्षणलाई यसले जोड्ने सामर्थ्य राखेको छ।

बाराका साहित्यकार नवराज रिजाल यस 'लघुकथा विशेषाङ्क'मा दुईपटक आएका छन् । आमुखपछि रिजालका दुई लघुकथा प्रकाशित छन् । पहिलो लघुकथा हो, परिचय। यस कथामा ऊ पात्रलाई चिन्न नसकेर जथाभावी आरोप लगाइएको छ । नबुझी केवल बाह्य देखाइका भरमा एक किसिमको परिचयको आरोप लगाइहाल्ने मानवीय प्रवृत्तिको पर्दाफास गरिएको छ। मान्छेको परिचय बुझ्न आग्रहभन्दा माथि उठ्नुपर्ने यसमा बताइएको छ। रिजालको अर्को लघुकथा हो, भोक। भोकसित मानिसको सपना पनि बाँचेको हुन्छ । घरको भान्सामा उब्रिएको खानालाई जथाभावी फाल्न नहुने यसमा बताइएको छ। फचाँक्न लागेको अन्नले भोको पेटमा मुस्कान दिने गरेको मार्मिक पक्षलाई पात्र र परिवेशमार्फत कथामा प्रस्तुत गरिएको छ।

यमुना प्रधानाङ्ग मुना पर्साकी हुन्। यस अङ्कमा प्रकाशित उनका दुई लघुकथामध्ये पहिलो हो, बुई। प्रतिभाको कदर हुन नसकेको कुरालाई दुई साथीको संवादमार्फत विषयवस्तु बनाइएको छ। दुईजनाले कुराकानी गरिरहँदा तेस्रोले आफ्नो पार्टीमा पनि सोही प्रवृत्ति रहेको अर्थ्याएको छ । प्रतिभाको कदर हुन नसकेकोमा यस लघुकथामा असन्तोष अभिव्यक्त भएको छ। दोस्रो लघुकथा हो, परिणाम। भाषणको सार्थक परिणाम यस कथामा देखाइएको छ । भाषण सुनेपछि भाषणको विषय अनुसार घरभित्र परिवर्तन आएको विषयवस्तु रहेको छ। सबै दृष्टिकोणले यो लघुकथा सार्थक रहेको छ।

यशु श्रेष्ठ रौतहटका सर्जक हुन् । नेपालमा बालकथाको क्षेत्रमा नवयुवाहरूमा सबैभन्दा बढी कृति निकाल्ने सर्जक हुन् श्रेष्ठ । यस अङ्कमा उनको पहिलो लघुकथा हो, हराभरा। परदेशलाई हराभरा बनाउनमा आफ्नो जीवन अर्पण गरेका एक पात्रलाई देशको सम्झना भएको छ। समय घर्किसकेर पनि देशलाई हराभरा बनाउने बोध हुनुले यो लघुकथा सकारात्मक भावको हुन गएको छ । अर्को कथा हो, फरक मान्छे। विभिन्न चरा तथा पशुसित बस्न मन पराउने एक पात्रको चरित्र यसको मुख्य विषयवस्तु हो। मानिसले धोका दिने तर घरपालुवा पशुपक्षीले भने धोका नदिएको यसमा बताइएको छ । छल गर्ने प्रवृत्तिमाथि अविश्वास रहेको विषयवस्तु यसमा रहेको छ।

छैटौं लघुकथाकार हुन्, रेणु गुप्ता। रौतहटकी गुप्ताको यस अङ्कमा परेको पहिलो लघुकथा हो, बालअधिकार । समाजसेवीबाटै पनि बालबालिकालाई धोका हुन्छ भन्ने यसमा देखाइएको छ। बालबालिकाका लागि काम गर्ने व्यक्तिले पनि बालबालिकामाथि अन्याय गर्ने गरेको प्रवृत्ति यसमा देखाइएको छ। दोस्रो कथा हो, अनाथ । बसपार्कबाट अनाथालय पुगेको सडक बालकलाई कसैले धेरै माया गर्दा माया गर्नेको अनुहारमा पिताको छवि खोज्ने गरेको मार्मिक विषयवस्तु हो यस कथाको।

यस अङ्कमा मेरा पनि दुई लघुकथा रहेका छन्, अचम्मको खुशी र मिटरब्याजी । आफ्नै रचना भएकाले यहाँ आफैंले विश्लेषण गर्न उचित लागेन।

**३. समापन**

'लोकभावना' त्रैमासिक पत्रिकाको 'लघुकथा विशेषाङ्क'मा मधेस प्रदेशका अन्य जिल्लाका रचनाहरू समावेश भएका ठेगानाको आधारमा देखिएको छैन । ठेगाना उल्लेख नभएका कतिपय रचनाहरूमा मधेस प्रदेशका अन्य जिल्लाका रचनाहरू हुन सक्छन्।

यस 'विशेषाङ्क'को आधारमा मधेस प्रदेशमा समसामयिक विषयमा बढी लघुकथा लेखिने गरेको स्पष्ट भएको छ। अधिकांश लघुकथा समसामयिक विषयवस्तुमा आधारित छन्। काल्पनिक वा स्वैरकाल्पनिक विषयवस्तुका रचनाहरू छैनन्। प्रकाशित सम्पूर्ण कथामा मानवीय पात्रहरू प्रयोग गरिएका छन्। आन्तरिक दृष्टिबिन्दुमा रचित केही रचनाहरूमा भने 'नितान्त निजी अनुभूति' जस्तो लाग्ने गरी प्रस्तुति रहेको छ। बाह्य दृष्टिबिन्दुमा रचित रचनाहरूमा प्रस्तुतिगत पार्थक्य रहेको छ।

लघुकथाहरूमा बालपात्र, किशोर तथा नवयुवा र प्रौढ सबै किसिमका पात्रहरू आएका छन्। अधिकांश कथामा भौगोलिक परिवेशको प्रस्तुति कमजोर रहेको देखिन्छ।

समग्रमा मधेस प्रदेशका लघुकथाहरूको विषयगत प्रस्तुति यही हो भन्न सकिने होइन तर यस विशेषाङ्कलाई भने मधेस प्रदेशका लघुकथाको विषयवस्तुलाई आँखीझ्यालको रूपमा हेर्न सकिन्छ।

# "म भ्रष्टाचारी हुँ"

सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com

'भ्रष्टाचार' निकै प्रचलित शब्द हो। संस्कृत भाषाको शब्द 'भ्रष्ट'बाट भ्रष्टाचार (नाम) र 'भ्रष्टाचारी' (विशेषण) शब्दको उत्पत्ति भएको हो। भ्रष्ट, भ्रष्टाचार वा भ्रष्टाचारी शब्दको भावार्थ अपवादबाहेक अति सामान्य मानिसलाई पनि बुझ्न कठिन हुँदैन।

"हेलो..., कहाँ पुऱ्याइदिउँ, हजुर ?" प्रतिउत्तरमा "घरमा जानु र मैडमलाई दिनुहोला, । फेरि त्यतिभन्दा कम हुनुभएन, है ?"

शायद भ्रष्ट र भ्रष्टाचारीहरूबीच यसैगरी संवाद हुँदोहोला वा पद, प्रतिष्ठा अनुसार फरक किसिमबाट । कसले, किन, कति र केबापत दियो ? भन्ने प्रश्नहरूको उत्तर अतिरिक्त अवैध काम गराउने, गर्ने तथा मध्यस्थकर्ता वा सीधैं पात्रलाई प्रभावमा पार्ने व्यक्तिबाहेक अरूलाई थाहा हुने कुरै भएन।

भ्रष्ट साहेबहरूको घरमा आगमन हुँदा मैडमहरूले अवश्य सोध्दो होलिन्– "हे प्राणनाथ ! सधैं आउने त्यो व्यक्तिले आज फेरि चार बन्डल पैसा दिएर गयो। केबापतको पैसा हो ?" प्रतित्तउरमा भ्रष्ट पतिदेवले भने– "हे मेरी प्यारी ! मेरो मध्यस्तकर्ता उहीं त हो नि। आज फेरि नियमले नहुने एउटा काम गरेबापत सहयोग राशि पुऱ्याइदिएको हो ।" त्यसपछि लक्ष्मीप्राप्तिसँगै भ्रष्ट शरीर प्रसन्न मुद्रामा थरीथरीका किनमेलदेखि मधुशालासम्म पुग्दो होला।

"म भ्रष्टाचारी हुँ, म नियमले गर्न नमिल्ने काम गर्छु, म भ्रष्ट छु," भन्ने कुरा भ्रष्टाचारमा लिप्त भ्रष्टाचारीहरूलाई आत्मबोध नहुने त कुरै नहोला । यद्यपि भ्रष्टाचारजन्य कार्य जघन्य कुकृत्य हो भन्ने कुरा पनि थाहा नहुने कुरा होइन । त्यस कारण भ्रष्टाचारीहरूले अति निकटतम सम्बन्धमा गाँसिएकी अर्धाङ्गिनीसँग समेत कुकृत्य गरी आर्जन गरेको राशि भन्न लाज लाग्दो होला । त्यसैले सहयोग राशि पाएको भन्दो होलान्। भ्रष्टाचार गर्न लाजशरम नहुने। तर भ्रष्टाचार गरेको भन्न किन लाज हुने ? किनभने आफूले मान्ने धर्म वा कानून वा कुनै पनि सद्मार्गी व्यवस्थाले उपमार्ग प्रयोग गरी भ्रष्टाचार गर्ने अनुमति दिंदैन।

भ्रष्टाचारका अनेकौं प्रकार र विधिहरू छन्। प्रकार भन्नाले राजनीतिक भ्रष्टाचार, प्रशासनिक भ्रष्टाचार, न्यायिक भ्रष्टाचार, शैक्षिक भ्रष्टाचार, स्वास्थ्य क्षेत्रमा भ्रष्टाचार, विकास निर्माणमा भ्रष्टाचार आदि अनेक प्रकारहरू छन्। त्यसैगरी, विधि भन्नाले घूसखोरी, जबरजस्ती चन्दाजन्य धन्धा, ब्ल्याकमेल, अख्तियार र विवेकाधिकारको दुरुपयोग, न्यायाधीशद्वारा पक्षपातपूर्ण निर्णय र कालाबजारीका साथै सत्ताको दुरुपयोग आदि इत्यादि विधिहरू छन्।

कुनै पनि प्रकार वा विधिबाट गर्ने अवैध आर्जन नै भ्रष्टाचार हो। मानिस असत्य वचन बोल्छ तर फटाहा कहलाउन चाहँदैन। त्यसैगरी, भ्रष्टाचार गर्छ, तर भ्रष्टाचारी कहलाउन चाहँदैन। अनैतिक कर्तव्य गर्ने पात्र समाजमा नैतिकवान् छवि प्रदर्शन गर्ने मनोविज्ञानले ग्रसित हुन्छ। जसरी मानिसहरू चिया पिउँदा जिब्रो पोल्ने डरले प्रत्येक चुस्कीलाई फुकेर पिउँछन्, त्यसरी नै भ्रष्टाचारीहरू भ्रष्टाचार गर्ने क्रममा एक/एक पाइला सावधानीपूर्वक हिंड्छन्।

प्रविधिको विकाससँगै भष्टाचारीहरूलाई बेनकाब गर्ने विविध यन्त्रहरू विद्यमान छन् । त्यस कारण घूस लिने कुपात्रहरूले घूसको रकम दिने कुपात्रको शर्टको बटम, कलम र काइँयो आदि प्रत्येक वस्तुमा क्यामरा हो कि भन्ने आशङ्काले ग्रस्त रहन्छन्। एकातर्फ घूस खाने खुशी हुन्छ भने अर्कोतर्फ उजागर हुन सक्ने त्रास पनि।

सत्यपथबाट प्राप्त आर्जन र अवैध आर्जनमा धेरै भिन्नता हुन्छ। भिन्नताबारे एक उदाहरणबाट प्रस्ट गर्छु।

एक बुबाले छोराको हातमा एक सयको नोट दिए । बुबाले उक्त रुपैयाँ पोखरीमा फाल्न छोरालाई आदेश दिएछन्। छोरा किञ्चित मात्र पनि चिन्तित भएन । उसले पैसा तुरुन्तै पोखरीमा फाल्यो। समयक्रमसँगै छोरा ठूलो हुँदै गयो । पारिवारिक जीवनमा आयो। जागीर गर्न थाल्यो। एक दिन बुबाले छोरासँग रु पाँचको नोट मागे। छोराले दियो पनि। बुबाले छोराको हातमा सोही नोट थमाउँदै पोखरीमा फाल्न आदेश दिए। छोरा सोच्नमग्न भयो। ऊ घोर चिन्तामग्न भयो । अन्ततः उसले पसिनाको कमाइ भएकोले पोखरीमा फाल्न नहुने भन्दै बुबालाई थरीथरीका उपदेशहरू दिन थाल्यो। भन्नुको तात्पर्य के हो भने विनाश्रमको पैसा त्यति महत्त्वपूर्ण लाग्दैन, जति श्रम गरेको पैसा महत्त्वपूर्ण हुन्छ।

भ्रष्टाचारीहरूले अवैध आर्जन वैध कार्यमा पनि उपयोग गर्ने गर्छन्। उनीहरू अवैध क्रियाकलापमाथि वैध क्रियाकलापको लेप चढाउन माहिर हुन्छन्। श्रद्धाभाव र तनमनले सामाजिक कार्यमा लगनशील मानिसहरूको बीचमा कहिलेकाहीं भ्रष्टहरूको पनि उपस्थिति हुने गर्छ । उनीहरूले समाजमा शुद्ध आचारण प्रवाह हुनेगरी भ्रष्टाचारजन्य कर्तुतबाट आर्जित अर्थ–सामाजिक कार्यमा उपयोग गर्छन् । सामाजिक चश्मामा पुण्यको लेप चढाइसकेपछि आफूलाई चोखो ठान्छन्। भ्रष्टाचारको रोहबरमा मानवीय मनोविज्ञानले कहिल्यै पनि आफूलाई भ्रष्टाचारी कहलाउन चाहँदैन।

भ्रष्टाचारी पनि सामाजिक र कानूनी गरी दुईथरीका हुन्छन् । सामाजिक अदालतको दृष्टिमा भ्रष्टाचारी प्रतीत हुने पात्र अप्रमाणित भ्रष्टाचारी हुन् । त्यसैगरी, भ्रष्टाचार मुद्दामा अदालतद्वारा सिद्ध व्यक्ति प्रमाणित भ्रष्टाचारी अन्तर्गत पर्छन्।

रक्तचाप, मधुमेह, क्यान्सर आदि अनेक रोगले शरीर अशक्त भएझैं भ्रष्टाचारीहरूद्वारा हुने भ्रष्टाचारले देशको अर्थतन्त्र थला पर्छ। शारीरिक रोगको उपचार चिकित्सकले गर्छन् भने भ्रष्टाचारीहरूको उपचार केन्द्रको रूपमा प्रहरी, प्रशासन, अख्तियार दुरुपयोग अनुसन्धान केन्द्र र न्यायालय आदि अनेक निकायहरू विद्यमान छन् । यद्यपि भ्रष्टाचार उन्मूलन हुनुपर्नेमा उल्टो सङ्क्रमण तीव्र गतिमा फैलिनु विडम्बनापूर्ण छ । अदृश्य भ्रष्टाचारले अर्थव्यवस्थामा प्रत्यक्ष असर गर्छ। फलतः भ्रष्टाचारीहरूबाहेक बाँकी नागरिक अनेकौं प्रकारका दुःख र कष्टको सामना गर्न बाध्य हुन्छन्।

मानिसको भ्रष्टाचारी प्रवृत्ति पत्ता लगाउने सर्वसुलभ पद्धति के होला भन्ने प्रश्न उठ्न सक्छ। केही सङ्केतहरू छन्, जसको माध्यमबाट मानिस भ्रष्टाचारी भए/नभएको पत्ता लगाउन सकिन्छ। आयस्रोत, पैतृक सम्पत्ति, पदमा विराजमान हुनु अघि र पछिको जीवनशैली आदि विविध सङ्केतहरूको माध्यमबाट पदधारी पात्र भ्रष्टाचारी भए/नभएको पत्ता लगाउन सकिन्छ।

मानिस अदृश्यरूपमा भ्रष्टाचारमा लिप्त रहे तापनि मरणोपरान्त सदृश्य हुन चाहँदैन। हरसम्भव भ्रष्ट आचरणलाई लुकाउने प्रयत्न गरिरहन्छ । यहाँसम्म कि अदालतले प्रमाणित गरिसकेका पात्रहरू पनि कुरा काट्दै हिंड्छन्, तर स्वीकार गर्न चाहँदैनन्। यसको प्रमुख कारण हो, सामाजिक मानमर्दन।

म भ्रष्टाचारी हुँ वा होइन ? आफूले आफैंसँग प्रश्न गर्नुहोस्। आयस्रोत कति छ ? पदधारण गर्नुअघि जीवनशैली कस्तो थियो ? पदधारण गरेपछि जीवनशैली कस्तो छ ? पत्नी र निकटस्थ परिजनको नाममा खरीद गरेको र खडा गरेका महल स्मरण गर्नुहोस् । घरको एसी, सोफा, पलङ्ग, दराज कुन स्रोतबाट आयो ? कुन प्रकारको आयबाट गाडी खरीद भयो ?

यदि उत्तरमा भ्रष्टाचारीको लेस मात्र पनि लक्षण आत्मबोध भइरहेको छ भने 'म भ्रष्टाचारी हुँ' भन्ने मन्त्र सुत्दा, उठ्दा, सभा, सम्मेलन वा कार्यस्थल, जहाँ र जुन अवस्थामा भएपनि हरपल स्मरण गरिरहनुहोस् । मानसिकता सकारात्मकतामा परिणत नभएसम्म, यो मन्त्र मस्तिष्कमा रहिरहनुपर्छ।

□□□

# नर्वेली लेखक जोन फोस्सेलाई नोबेल साहित्य पुरस्कार

स्वीडिश एकेडेमीले यस वर्षको साहित्यतर्फ नोबेल पुरस्कार नर्वेका लेखक जोन फोस्सेलाई दिने घोषणा गरेको छ। पुरस्कार समितिका अनुसार 'व्यक्त गर्न नसकिने कुरालाई उनले नयाँ ढङ्गले नाटक तथा काव्यमा प्रस्तुत गरेकाले' फोस्सेलाई पुरस्कार दिइएको भनिएको छ।

फोस्से आफ्नै शैलीमा उपन्यासहरू लेख्छन् र उनको शैलीलाई 'फोस्से मिनिमलिजम'को संज्ञा दिइएको छ।

फोस्सेले यो प्रतिष्ठित पुरस्कार पाउँदा आफू अभिभूत र केही त्रसित भएको प्रतिक्रिया दिएका छन।

फोस्सेको जन्म सन् १९५९ मा भएको हो । उनका ४० वटा नाटक, कैयौं उपन्यास, निबन्ध, बालबालिकाका पुस्तक र अनुवादहरू प्रकाशित छन्।

सन् १९९६ मा उनले नाटक Someone Is Going to Come बाट प्रसिद्धि पाएका थिए। सन् २०२२ मा उनको पुस्तक A New Name: Septology VI-VII आएको थियो। यस पुस्तकलाई इन्टरनेशनल बुकर प्राइजको लागि नोमिनेट गरिएको थियो।

उनी आज संसारमा सबैभन्दा बढी प्रदर्शन गर्ने नाटककारमध्ये एक हुन्। उनले आफ्नो गद्यको लागि पहिचान बनाएको रोयल स्वीश एकेडेमीले बताएको छ।



# आनन्दको खोजी : मनको अन्तर्यात्रा

- हरिकृष्ण बराल
(राधामाधव स्वामी)
मुर्ली बगैंचा, वीरगंज

दुवैलाई समान अवसर दिनुपर्छ भन्नेमा कुनै दुईमत छैन। दुवैले विकसित हुने समान अवसर पाउनुपर्छ। समान अवसर पाए पनि उनीहरू एक समान भने हुने छैनन्। उनीहरूमा आआफ्नो निजताको आआफ्नो व्यक्तित्वको फूल खिल्नेछ। हामीले गुलाफ तथा चमेलीका बिरुवालाई समानरूपले मल र पानी दियौं, दुवैलाई विकास हुने समान अवसर पनि दियौं, दुवैलाई सूर्यको प्रकाश पनि बराबर प्राप्त भयो तर पनि गुलाफ गुलाफ बन्नेछ र चमेली चमेली बन्नेछ। तर दुवैको बास्ना फरक हुनेछ।

खिलावट आआफ्नै हुन्छ, विविधता हुन्छ, भिन्नता हुन्छ। निश्चितरूपले महिलाहरू जब पुष्पित हुनेछन्, उनीहरूको पूरा फूल खिल्नेछ, तब उनीहरूको व्यक्तित्व खिल्नेछ। यो खिलावट पुरुषहरूको भन्दा भिन्न हुनेछ। उनीहरू सर्वश्रेष्ठ गायिका बन्न सक्नेछन्, सर्वश्रेष्ठ नृत्याङ्गना बन्न सक्नेछन्।

जति स्त्री र पुरुषमा भिन्नता हुनेछ, त्यति नै उनीहरूमा परस्पर आकर्षण तथा प्रेम गहिरो हुनेछ। यदि यी दुवै समान भए भने सम्पूर्ण आकर्षण समाप्त भएर जानेछ। परस्पर विकर्षणले धेरै विषमता जन्माउँछ। जसरी चुम्बकका दुई ध्रुव उत्तरी तथा दक्षिणी ध्रुव एकापसमा खिच्छन्। यसैमा दुवै ध्रुव एउटै भए भने एउटाले अर्कोलाई विचलित गर्नेछ। एकले अर्कोलाई विकर्षण गर्नेछ। पश्चिमी देशमा यो दुर्घटना घटेको देख्न सकिन्छ। त्यहाँ स्त्री र पुरुषबीचको आकर्षण समाप्त भएको छ। प्रकृतिले गरेको व्यवस्थालाई उनीहरूले हत्या गर्दै यी दुवै समान बन्ने कोशिश गरेका कारणले गर्दा यस्तो दुर्घटना घटेको हो। यो बिल्कुल गलत छ। यसप्रति हामीहरू सतर्क रहनुपर्छ। पश्चिममा ५० वर्ष पहिले भएका कुराहरू हामीहरूकहाँ अहिले भइरहेका छन्। हामीहरू सावधान हुनुपर्छ, त्यस्तो भूल दोहोरिन दिनुहुँदैन।

ओशोले धेरै पहिले नारी तथा पुरुषको शिक्षा अलग ढङ्गले हुनुपर्छ भनेर सचेत गर्नुभएको थियो। उहाँले शिक्षा उनीहरूको व्यक्तित्वअनुरूप हुनुपर्छ भनेर भन्नुभएको थियो। जुन शिक्षाले घर गृहस्थी तथा परिवारलाई जोड्न सकोस्, नारीलाई पुरुष जस्तो नबनाओस् किनकि पुरुषमा कठोरता हुन्छ, पुरुष विश्लेषक प्रवृत्तिको हुन्छ, उसले जोड्नेभन्दा तोड्ने काम गर्न सक्छ। पुरुष महान् वैज्ञानिक, आविष्कारक हुन सक्छ, तर ऊ श्रेष्ठ संश्लेषक हुन सक्दैन।

निश्चितरूपमा प्रत्येक व्यक्ति अलग छन्। आठ अरब मानिसमा एकअर्काको औंलाको छाप एकअर्कोसँग मिल्दैन। यो समेत प्रकृतिले हरेक मानिसमा विशिष्ट बनाएको छ। अन्य गुणहरूलाई हेर्दा पनि यस्तै भिन्नता देखिन्छ। हरेक व्यक्तिको प्रतिभा तथा क्षमता आश्चर्यचकितरूपमा फरक हुन्छ। एउटा मानिस जस्तो अर्को मानिस विश्वमैं कहीं भेट्न सकिंदैन, उनीहरूबीचमा केही न केही फरक अवश्य नै हुने गर्छ।

प्रकृतिले हामीलाई अरूभन्दा फरक बनाएको छ। अरूभन्दा अनौठो मानिस बनाएको छ। असाधारण बनाएको छ। यस असाधारण गुणलाई सम्मान गर्दै सबैलाई केही अलग हुने अवसर प्रदान गर्नुपर्छ। सबै मानिस इन्जिनीयर बन्न सक्दैन। सबै मानिस चिकित्सक बन्न सक्दैन। सबै मानिस सिए बन्न सक्दैन। जसको लागि जे सहज छ, स्वाभाविक छ, उनीहरूले आआफ्नो प्रतिभाको विकास त्यही दिशातर्फ गर्नुपर्छ। चाहे त्यो नारी होस् अथवा पुरुष।

ओशोले अद्वितीयतालाई खूब राम्रोसँग विश्लेषण गर्नुभएको छ। वर्तमान शिक्षा प्रणालीमा एउटा निश्चित ढाँचाको अवलम्बन गरिएको छ। त्यही ढाँचामा त्यही साँचोमा ढल्नुपर्ने बाध्यता छ। यही एउटै साँचोमा ढालेको कारणले धेरै गडबडी देखिएका छन्। यस्तो गर्नु प्रकृतिकोविरुद्ध अपराध गर्नु हो। यो अपराधले स्वधर्मको खिलाफ हुन दिंदैन। यसले गर्दा मानिसले जीवनमा कहिल्यै सन्तुष्टि प्राप्त गर्न सक्दैन। जुन मानिस सङ्गीतकार हुन जन्मिएको थियो, उसलाई हामीले चिकित्सक अथवा इन्जिनीयर बनाइ दियौं भने उसलाई सारा संसारले सफल माने पनि उसलाई आत्मिक सन्तुष्टिको अनुभूति कहिल्यै हुँदैन। शिक्षाको उद्देश्य केवल जीवन निर्वाहको लागि सुविधा जुटाउनु मात्र होइन। जीवनमा त्यो पनि जरुरी अवश्य छ तर त्यो सबैथोक होइन। पूर्ण शिक्षाले मानिसको प्रत्येक आयामलाई पूर्णरूपमा विकसित गर्न सहयोग गर्छ।

हामीले याद राख्नुपर्ने कुरा के छ भने हर व्यक्ति अद्वितीय छ, असाधारण छ, बेजोड छ, तर हरेक व्यक्तिले स्वधर्मको खोजी आफैंले गर्नुपर्छ। हाम्रो शिक्षा प्रणाली बच्चालाई सहयोग दिने खालको हुनुपर्छ। हाम्रो बच्चा के बन्न सक्छ, उसलाइ मार्ग निर्देशन दिन सक्ने खालको हुनुपर्छ। सबैभन्दा राम्रो हरेक विद्यालयले विशेषज्ञ मनोवैज्ञानिक राख्नुपर्छ। उसले बच्चाको मनोदशा अध्ययन गरेर बच्चा कुन दिशामा जान सक्छ भनेर अविभावकलाई मार्ग निर्देशन गरोस्। उनले अविभावकहरूलाई बच्चामाथि अनावश्यक दबाब नदिन सम्झाउन सकोस्। बच्चा जे बन्नको लागि यस धरामा आएको हो, परमात्माले उसलाई जे कामको लागि पठाएका हुन्, उसलाई त्यही काम गर्न दिउँ ताकि उसले आफ्नो जीवन सन्तोषपूर्वक बिताउन सकोस्। यसको लागि हाम्रो अहिलेको शिक्षा प्रणालीमा परिवर्तन हुन जरुरी छ।

क्रमशः

# पुनरावृत्ति रोग वा अब्सेसिभ कम्पल्सिभ डिर्जाडर

वाटिका



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

**अब्सेसन मुख्यतः तीन प्रकारका हुन्छन् १. जसमा अब्सेसन मुख्य हुन्छ २. जसमा कम्पल्सन मुख्य हुन्छ र ३. जसमा दुवैको मिसावट हुन्छ। अक्सर यसका रोगीमध्ये ५० प्रतिशतमा कडा डिप्रेसन तथा बाँकीमा हल्का वा कम कडा डिप्रेसन हुन्छ।**


अब्सेसन ल्याटिन अबिसडेयरबाट उत्पत्ति भएको शब्द हो, जसको मतलब हुन्छ घेरा हाल्नु। यसमा मान्छे एउटै विचारको घेरामा चक्कर काट्छ र एउटै कामलाई बारम्बार पुनरावृत्ति गरिरहन्छ।

तपाईं ढोका बन्द गरेर ओछ्यानमा जानुभयो। तुरुन्त मनमा आयो कि बन्द गरियो कि गरिएन? उठेर जानुभयो र चेक गर्नुभयो। ढोका बन्द छ भने आएर सुत्नुभयो। त्यस्तै, फोहोर छोएर हात धुनुभयो। चेक गर्न आवश्यकतै छैन। भान्सामा ग्याँस बन्द गर्नुभयो वा भएन। चेक गरेर आउनुभयो र सुत्नुभयो। पैसा गन्न छुट्यो कि? फेरि गएर गन्नुभयो र निश्चिन्त हुनुभयो। यसलाई फोरगेटफुलनेस भनिन्छ र नर्मल क्रिया मानिन्छ। तर एकजना मानिस निश्चिन्त नै हुन सक्दैन। ऊ ओछ्यानबाट उठ्छ, ढोका लागेको वा नलागेको, ग्याँस बन्द भएको वा नभएको रातभरि दोहोर्‍याइरहन्छ र पनि निश्चिन्त हुन सक्दैन। फोहोर छोएपछि उसले दिनभरि हात धोएको धोयै हुन्छ। यही हो अब्सेसन, जसमा मान्छे एउटै काममा रातभरि चक्कर काट्छ र यहाँसम्म कि सुत्न पनि सक्दैन। हात धुने काम यतिचोटि गर्छ कि उसको हात धोबीको हातजस्तो सेतो बन्छ, जसलाई वासरमैन हात भनिन्छ। फोहोर वा कीटाणुको भयबाट यसरी नै आफू मात्र बाँच्न चाहँदैन, बरु आफन्तलाई पनि बचाउन चाहन्छ। त्यसैले मेरो एक मित्रकी पत्नीले जाडो मौसममा १२ बजे राति पनि आफ्नो बच्चालाई नुहाइदिन्थिइन्। यो त अब्सेसनको कडा रूप भयो। तर थोरबहुत यो असङ्ख्य मानिसमा पाइन्छ। संसारमा १० मिलियन मानिस र केवल अमेरिकामा तीन मिलियन मानिस यस रोगबाट पीडित छन्। रोचक यो पनि छ कि यो प्रायः उच्च वर्गमा पर्ने मानिसमा हुने रोग हो। सफा गिलास दिएर पानी ल्याउन भनेपछि मेरी पत्नीले गिलासलाई आफैं पटकपटक पखाली मलाई पानी दिन्छिन्। मेरो एक मित्रकी आमा दिनभरिमा पाँचचोटि भान्सा सफा गर्थिन्। उनी आफैं मात्र तेजस्विनी थिइनन्, बरु छोराछोरी पनि तेजस्वी पैदा गरिन्। यो अब्सेसनको कम मात्रा हो। नेपालीमा यसलाई सनक वा जुनून भन्न सकिन्छ तर जुनून त राम्रो कुरा हो। अब्सेसनलाई जुनून भन्नु गलत होला। पाठकवृन्द यति भनेपछि अब आउनुस्, अब्सेसनको वैज्ञानिक ज्ञान प्राप्त गरौं।

अब्सेसन लगातार र आग्रही विचार हो, जो मानिसलाई एउटै काममा लगाइराखेर त्यसमा भावनात्मक चिन्ता र डर पैदा गर्छ तथा एक प्रकारले ब्रेनलाई नै सटडाउन गरिदिन्छ। अब्सेसनमा दुई तत्त्व अनिवार्य हुन्छन्– पहिलो, आइडिया वा विचार र दोस्रो कम्पल्सन वा संवेग। त्यस कारण यसलाई अब्सेसिभ कम्पल्सिभ डिर्जाडर वा संवेगी दोहोर्‍याउने रोग भनिन्छ।

यी दुई कसरी काम गर्छन्, अब त्यसलाई हेरौं। सबैभन्दा पहिले मानिसमा यो विचार आउँछ कि ढोका बन्द छ वा छैन? ऊ गएर चेक गर्छ। ढोका बन्द छ वा छैन भने बन्द गरेर फर्केर ओछ्यानमा आउँछ। ओछ्यानमा आउने बित्तिकै उसको मनमा शङ्काको संवेग चल्छ र मानिसलाई आफ्नो कब्जामा पार्छ। संवेग वा इम्पल्स एक यस्तो प्रवाह हो, जसले मानिसको बुद्धि र विवेकलाई काम गर्न दिंदैन। मानिस त्यही संवेगको आदेश मान्न बाध्य हुन्छ। ऊ फेरि जान्छ र ढोका बन्द छ भनेर फर्केर आउँछ। फर्कने बित्तिकै फेरि त्यो संवेग आएर मानिसलाई विवश पार्छ। एक प्रकारले मानिसको ब्रेन नै अफ हुन्छ। अब संवेगले जे चाहन्छ, त्यही हुन्छ। यसरी मानिस रातभरिको जाग्रामले शिथिल, चिन्तित र भयभीत भएर लखतरान हुन्छ। मानिसमा इन्साइट अर्थात् रोगको ज्ञान भएकोले आखिर उसले चिकित्सककहाँ जान्नै पर्छ। इन्साइटको मतलब हुन्छ कि मानिसलाई आफ्नो रोगको ज्ञान छ, जुन सिजोफ्रेनियामा हुँदैन।

अब्सेसन उच्च वर्गको रोग हो र



मानिस बुद्धिमान हुन्छ। साधारणतः यो तेस्रो दशकमा हुन्छ। यो क्रोनिक हुन्छ। यस रोगले पीडित २५ प्रतिशत मानिसमा केही सुधार हुँदैन, ५० प्रतिशतमा केही सुधार हुन्छ र २५ प्रतिशत पूरै निको हुन्छ।

**प्रकार र लक्षणहरू :** अब्सेसन मुख्यतः तीन प्रकारका हुन्छन् १. जसमा अब्सेसन मुख्य हुन्छ २. जसमा कम्पल्सन मुख्य हुन्छ र ३. जसमा दुवैको मिसावट हुन्छ। अक्सर यसका रोगीमध्ये ५० प्रतिशतमा कडा डिप्रेसन तथा बाँकीमा हल्का वा कम कडा डिप्रेसन हुन्छ।

अब्सेसनका मुख्यतः चारवटा लक्षण हुन्छन्– १. वासर्स,२. चेकर्स, ३. शुद्ध अब्सेसन र ४. प्राथमिक अब्सेसिभ स्लोनेस। पहिलो रूप सर्वाधिक सङ्ख्यामा पाइन्छ। यसमा मानिसलाई कीटाणु, फोहोर र मलमूत्रको डर सताइरहन्छ। यस कारण मानिस बारम्बवार हातलाई धोइरहन्छ। ओछ्यान, ढोका, झ्याल आदि सबैको साथ उसका बच्चाबच्ची पनि शिकार हुन्छन्। आखिर सफाइ प्राप्त हुँदैन र रोगीको काम एक कर्मकाण्ड मात्र बन्छ। २. चेकर्समा मानिसमा शङ्काले धेरै घर बनाएको हुन्छ, जसरी ढोका बन्द वा छैन, ग्याँस बन्द छ वा छैन अथवा गिन्ती गरिसकेको रुपैयाँ सही छ कि छैन। त्यसलाई मानिस बारम्बार चेक गर्न जान्छ, त्यसैले यसको नाम हो चेकर्स। यदि मानिसले केही कारणवश चेक गर्न सक्दैन भने झन चिन्ताले ग्रसित हुन्छ। ३. तेस्रोलाई शुद्ध किन भनियो भने यसमा कम्पल्सन हुँदैन, खाली मनभित्र विचार मात्र प्रवेश गरिरहन्छ। यो प्रकार अक्सर सेक्ससँग सम्बन्धित हुन्छ। कहिलेकाहीं मानिसमा वेश्याकहाँ जाने विचार घुमिरहन्छ, जसलाई अब्सेसिभ रुमिनेशन भनिन्छ। ४. अब्सेसन या त कम्पल्सन आफ्नो चरमावस्थामा हुन्छ तर यसमा चिन्ता अनुपस्थित हुन्छ। यसमा मानिसको दिन प्रतिदिनको काम धेरै कम गतिमा हुन्छ र यस कारणले यसलाई प्राथमिक अब्सेसिभ स्लोनेस भनिन्छ।

**कारण र निवारण :** यसमा पनि चिन्ता र भय जस्तै त्यही विभिन्न सिद्धान्तहरू छन् किनभने कुनै एक कारणले सबैलाई परिपूर्ण गर्दैन। यसको साइकोडायनामिक थ्योरी अनुसार मानिसको अवचेतन मनमा अब्सेसन र कम्पल्सनमा द्वन्द्व हुन्छ। यो त नियम नै हो कि दुईको द्वन्द्वले तेस्रो कुराको निर्माण गर्छ। यहाँ दुवैको सङ्घर्षमा अवचेतन विष अथवा इच्छा र अर्ज अर्थात् उत्तेजना पैदा हुन्छ, जुन सामाजिकरूपले स्वीकार हुने खालको हुँदैन। मानिस असामाजिक काम गर्न उत्प्रेरित हुन्छ, जो अब्सेसनको नै एक रूप हो। जसरी अप्राकृतिक मैथुन, वेश्यावृति र बलात्कार आदि। अब्सेसनको जिनेटिक कारण पनि हुन्छ र पाँचदेखि सात प्रतिशत रोगीका आमाबुबामा पनि यो रोग पाइन्छ। त्यस्तै, सिरोटिनिन, डोपामिन र ग्लुटामेटको कमीले पनि अब्सेसन हुन्छ।

**निवारण वा उपचार :** यहाँ इगोको दूत हुन्छ, आइसोलेशन। आइसोलेट भएपछि मानिसमा सुधार त हुन्छ तर विचार अवचेतनमा रहिरहन्छ र जहिले पनि बल्झन सक्छ। यसको उपचारमा साइकोथेरापी रोगी र परिवार दुवैको गर्नुपर्छ। बिहवियर थेरापीले ८० प्रतिशत कम्पल्सनमा सफलता देखिन्छ, जस अन्तर्गत थट स्टपिङ, एक्सपोजर र रेस्पोन्स प्रिभेन्सन, सिस्टमेटिक डिसेन्सिटाइजेशन र मोडलिङ आदि आउँछन्। एक्सपोजर र रेस्पोन्स, प्रिभेन्सन फ्लडिङको विपरीत प्रक्रिया हो। यसमा केही क्षणको लागि वस्तु देखाइन्छ, जसरी फोहोर र रोगीमा त्यसको प्रतिक्रिया देखिन्छ र साथै निश्चित पनि गरिन्छ। यसमा १५ देखि २० सेसनको आवश्यकता हुन्छ। यसले अब्सेसन र कम्पल्सनको बीचको कडीलाई तोडिदिन्छ र अब्सेसन हराउँदै जान्छ। थट स्टपिङ रोगीले चिकित्सकले बताए अनुसार आफैंले गर्ने विधि हो। यसमा जबजब मनमा नकारात्मक विचार आउँछ, तबतब रोगीले त्यस विचारलाई रोकिदिन्छ र सकारात्मक विचार सोच्न थाल्छ। चिकित्सकले यसमा केवल सहयोग मात्र गर्छ। यो विधि सिजोफ्रेनियाको रोगीमा पनि उपयोग गरिन्छ। मोडलिङमा कुनै अर्कोले काम गरेको देखाएर रोगीको माइन्डसेटमा परिवर्तन ल्याइन्छ। जसरी वयस्कले जुत्ताको फित्ता बाँधेर बच्चालाई देखाउँछ र भन्छ कि त्यस्तै गर। बच्चा बिस्तारै फित्ता बाँध्न सिक्छ। यहाँ रोगीमा त्यस्तै कुरा गरेर देखाइन्छ र त्यस्तै गर्न सिकाइन्छ तथा रोगीको माइन्ड सेट परिवर्तित हुन्छ। नभन्दै रोगी बिस्तारै अब्सेसनबाट मुक्त हुन्छ। औषधीय उपचारमा यहाँ बेन्जोडाइजिपिनको भूमिका सीमित छ तर केही एन्टिडिप्रेसेन्टले नाटकीयरूपले राम्रो काम गर्छ, जसले सिरोटिनिन अपटेकलाई कम गरेर काम गर्छ। जब डिप्रेसन धेरै नै कडा हुन्छ, तब रोगीलाई इलेक्ट्रिक सक पनि दिइन्छ। जब यी कुनै विधिले काम गर्दैन र धेरै मात्रामा डिप्रेसन छ भने साइको सर्जरी गरिन्छ। यसमा स्टेरियोटेक्टिक लिम्बिक ल्युकोटोमी र स्टेरियोटेक्टिक सबएक्युट ट्रैक्टोटोमी आउँछन्। पाठकबृन्द यसको नाम मात्र जाने पुग्छ। अस्तु।

# साधारण व्यक्तिको असाधारण साहसको कथा




'मिशन रानीगंज : द ग्रेट भारत रेस्क्यू' सन् १९८९ मा भारतको पश्चिम बङ्गालको रानीगंजको कोइलाखानीमा माइनिङको क्रममा ठूलो दुर्घटना भयो र असङ्ख्य व्यक्ति त्यस खानीमा फसेका थिए। आफ्नो ज्यानको परवाह नगरी एकजना साधारण व्यक्तिले ६५ जनाको उद्धार गरेर बचाएको थियो। यही कथा देखाइएको छ, मिशन रानीगंजमा।

शुक्रवार सिनेमाघरमा रिलिज भएको यो चलचित्र सत्य घटनाबाट प्रेरित छ। एक बहादुर र समझदार इन्जिनीयर जसवन्त सिंह गिलमाथि बनाइएको यस चलचित्रमा अक्षय कुमार, परिणिती चोपडा, रवि किसनलगायत कलाकारहरूले अभिनय गरेका छन्। यस्तै विषयमा काला पत्थर चलचित्र पनि बनिसकेको छ तर त्यो चलचित्र काल्पनिक थियो।

कथा सन् १९८९ को हो, जब रानीगंजको कोइलाखानीमा काम गर्दा पहिरो खस्छ र सो दुर्घटनामा थुप्रै व्यक्ति फस्न पुग्छन्। जसवन्त सिंह गिल नामक व्यक्ति जसको यस दुर्घटनासँग कुनै लेनदेन थिएन, उनी खानीभन्दा कोसौं टाढा हुन्छन् तर पनि आफ्नो मनमा खानीमा फसेका व्यक्तिलाई बचाउने ठान्छन्। रानीगंज आएर उनले आफ्नो अदम्य साहस र बुद्धिबाट ६५ जनालाई खानीबाट बाहिर निकाल्न सफल हुन्छन्।

चलचित्रमा साधारण व्यक्तिको असाधारण साहस देखाइएको छ भने अर्कोतर्फ खानीमा काम गर्ने व्यक्तिहरूको दयनीय जीवन र उनीहरूमाथि मालिकको कठोरता दर्शाइएको छ। अक्षय कुमारले जसवन्तको भूमिका निर्वाह गरेका छन् भने उनको पत्नीको रूपमा परिणीति चोपडा छिन्। चलचित्रमा पवन मल्होत्रा र रवि किसनले पनि काम गरेका छन्। दिव्येन्दु भट्टाचार्य जो पश्चिमी बङ्गालका चर्चित कलाकार हुन्, उनले पनि यस चलचित्रमा अभिनय गरेका छन्। चलचित्रका निर्देशक टिनु सुरेश देसाईले गरेका छन्। उनले यसभन्दा पहिले '१९२० लन्डन' र 'रुस्तम' निर्देशन गरिसकेका छन्।

# 'वानर सेना' प्रदर्शनमा




नेपाली चलचित्र 'वानर सेना' शुक्रवारदेखि प्रदर्शन गरिएको छ। शुक्रवार नयाँ चलचित्र प्रदर्शन हुने सिलसिलामैं प्रदर्शन भएको चलचित्रमा प्रेम र द्वन्द्वको मिश्रण देखाइएको निर्देशक अर्पण गिरीले जानकारी दिए। उनले पहिलो निर्देशकीय चलचित्रमा पौराणिक सन्दर्भलाई समेत जोडिएको बताए।

उनले भने, "हाम्रो विषयवस्तु अनुसार नै हामीले यो समयमा चलचित्र प्रदर्शन गरेका छौं। मेरो पहिलो निर्देशकीय चलचित्र भएकोले पनि सक्दो मेहनत गरेको छु। चलचित्र भवनसम्म पुग्ने दर्शकलाई पूर्ण मनोरञ्जन प्रदान गर्ने हाम्रो उद्देश्य हो।"

चलचित्रमा उनीसँगै आरजु प्रसाईं, किशोर खतिवडा, सुरवीर पण्डित, अर्जुन गुरुङ, किसनबाबू बस्नेत, राजन निरौला, सुनीता श्रेष्ठ, सुरेश साह, कमला विष्ट, रमेश सोडारी, युवराज गिरी, राहुल यादव, ज्ञानेन्द्र थापालगायतका कलाकारले अभिनय गरेका छन्।

निर्देशक गिरीले नै लेखेको चलचित्रमा विनोद सापकोटाले छायाङ्कन, जोन तामाङले सङ्गीत, प्रवीन ढकालले रङ्ग संयोजन, नारायण रिजालले नृत्य निर्देशन, शङ्कर महर्जन र आरके श्रीले द्वन्द्व निर्देशन, सत्यम राणा र श्रीकृष्ण श्रेष्ठले भिएफएक्स र बन्दे प्रसादले सम्पादन गरेका छन्। युवराज गिरीले निर्माण गरेको चलचित्रको वितरण काठमाडौंमा करण श्रेष्ठ (रिच इन्टरटेनमेन्ट) र एफडी कम्पनीले गरेका छन्।

## अन्तर्राष्ट्रिय समाचार

# नोबेल शान्ति पुरस्कार घोषणा हुँदै, ३५० जनाबाट छानिने

ओस्लो, १९ असोज/एपी

प्रतिष्ठित नोबेल शान्ति पुरस्कारको घोषणा हुँदैछ । नर्वेमा विशेषज्ञहरूको एक प्यानलले ३५० जनाको नामाङ्कनको सूचीबाट छानेर नोबेल शान्ति पुरस्कारको घोषणा गर्दैछ ।


गत वर्ष उक्त पुरस्कार युक्रेन, बेलारुस र रुसका मानव अधिकार कार्यकर्ताहरूले जितेका थिए । यसलाई रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, उनको बेलारुसी समकक्षी र अन्य सहयोगीहरूको कडा आलोचनाका रूपमा हेरिएको थियो ।

नोबेल शान्ति पुरस्कार व्यक्तिगत वा संस्थागतरूपमा प्रदान गरिन्छ । विगतमा यो पुरस्कार पाउनेहरूमा नेल्सन मण्डेला, बाराक ओबामा, मिखाइल गोर्बाचोभ, आङ सान सुकी र संयुक्त राष्ट्रसङ्घलगायत थिए ।

स्टकहोममा छनोट र घोषणा गरिने अन्य नोबेल पुरस्कारभन्दा फरक यो शान्ति पुरस्कार यसका संस्थापक अल्फ्रेड नोबेलले पाँच सदस्यीय नर्वेली नोबेल कमिटीले ओस्लोमा निर्णय गर्नेछन् ।

यो पुरस्कार छनोटका लागि नर्वेली संसद्ले एउटा स्वतन्त्र कमिटी नियुक्त गर्छ ।

यो वर्ष उक्त कमिटीले व्यक्तितर्फ २५९ र संस्थागततर्फ ९२ गरी कुल ३५१ जनाको मनोनयन प्राप्त गरेको छ । मनोनयन गर्न सक्नेहरूमा पूर्व नोबेल शान्ति पुरस्कार विजेता, कमिटीका सदस्यहरू, राष्ट्र प्रमुखहरू, सांसदहरू र राजनीतिशास्त्र, इतिहास तथा अन्तर्राष्ट्रिय कानूनका प्राध्यापक रहेका छन् ।


तस्वीरः एपी

नोबेल शान्ति पुरस्कार यो वर्ष घोषणा गरिने पाँचौं नोबेल पुरस्कार हो । बिहीवार नोबेल कमिटीले नर्वेली लेखक जोन फोसालाई साहित्यतर्फको पुरस्कार प्रदान गरिने घोषणा गरेको थियो । बुधवार रसायनशास्त्रतर्फको पुरस्कार अमेरिकी वैज्ञानिकहरू मुङ्गी बावेन्डी, लुइ ब्रस र अलेक्सेई इकिमोभलाई प्रदान गरिने घोषणा भएको थियो ।

त्यसैगरी, मङ्गलवार यस वर्षको भौतिकशास्त्रतर्फको नोबेल पुरस्कार फ्रान्सेली मूलका स्वीडिश वैज्ञानिक एन लहुइलियर, फ्रान्सेली वैज्ञानिक पियरे अगोस्टिनी र हङ्गेरी मूलका फेरेन्क क्रूजलाई दिने घोषणा भएको थियो ।

सोमवार चिकित्साशास्त्रतर्फको पुरस्कार हङ्गेरी मूलका अमेरिकी नागरिक क्याटालिन कारिको र अमेरिकी चिकित्सक ड्रिउ वेसम्यानले जितेका थिए ।

नोबेल पुरस्कारको सिजन सोमवार अर्थशास्त्रतर्फको पुरस्कार घोषणासँगै सकिनेछ । अर्थशास्त्रतर्फको नोबेल पुरस्कारलाई औपचारिकरूपमा अल्फ्रेड नोबेलको स्मृतिमा अर्थशास्त्र विज्ञानमा बैंक अफ स्वीडेन प्राइज भनिन्छ ।

यी पुरस्कार आगामी डिसेम्बरमा ओस्लो र स्टकहोममा प्रदान गरिनेछ । पुरस्कारको रकम एक करोड १० लाख स्वीडिस क्रोनर (करिब १० लाख अमेरिकी डलर) रहेको छ ।

डिसेम्बरमा नोबेल पुरस्कार प्रदान गर्दा विजेताहरूले १८ क्यारेटको स्वर्ण पदक र डिप्लोमा समेत प्राप्त गर्नेछन् । रासस

# खडेरीले सन् २०२३ को प्रारम्भमा जलविद्युत्मा विश्वव्यापी गिरावट

बैंकक, १९ असोज/एएफपी

खडेरीले सन् २०२३ को पहिलो छ महीनामा जलविद्युत् उत्पादनमा 'ऐतिहासिक' विश्वव्यापी गिरावट आएको नयाँ अनुसन्धानले देखाएको छ । विशेषगरी यस्तो अवस्था चीनमा देखिएको भन्दै अनुसन्धानले जलवायु परिवर्तनका कारण यस्तो भएको बताएको छ ।

नवीकरणीय ऊर्जासम्बन्धी प्रबुद्ध समूह एम्बरले गरेको अनुसन्धान अनुसार जलविद्युत् उत्पादनको गिरावटले विद्युतीय सङ्क्रमणको गतिलाई नकारात्मक असर पार्न सक्ने चेतावनी दिएको बताएको छ ।

यस वर्षको जूनसम्ममा विश्वव्यापी जलविद्युत् उत्पादन आठ दशमलव पाँच प्रतिशतले गिरावट भएको उल्लेख गरेको छ । यो पछिल्लो दुई दशकमा कुनै पनि पूर्ण वर्षमा भएको गिरावटभन्दा बढी हो । उक्त गिरावटको तीन चौथाइ चीनमा भएको गिरावटको परिणाम हो ।

बेइजिङको आपत्कालीन व्यवस्थापन मन्त्रालयका अनुसार सन् २०२२ को शरद् र सन् २०२३ को गर्मीयामको बीचमा चीनमा सामान्य वर्षको तुलनामा उल्लेखनीयरूपमा कम पानी परेको थियो भने तापक्रम पनि उच्च भएको थियो ।

विश्वव्यापीरूपमा सौर्य ऊर्जा र वायु शक्ति १२ प्रतिशतले बढेको भएपनि जलविद्युत् उत्पादनमा भएको कमीले सन् २०२३ को पहिलो छ महीनामा कार्बन उत्सर्जन थोरैले वृद्धि भएको छ ।

विद्युत्को मागमा न्यून वृद्धिले अन्यथा हुन सक्ने अवस्थाभन्दा कार्बन उत्सर्जनमा हुने वृद्धिलाई कम राख्न सहयोग गरेको एम्बरले बिहीवार जारी गरेको प्रतिवेदनमा भनिएको छ ।

तर चीनमा जलविद्युत्को उत्पादनमा आएको कमीका कारण कार्बन उत्सर्जन झन्डै आठ प्रतिशतले बढेको छ । एम्बरले जलवायु परिवर्तनका कारण अत्यधिक गर्मी र खडेरीको अवस्थाले यो वर्षको जलविद्युत् उत्पादनमा कमी आएको हुन सक्ने बताएको छ । उसले भविष्यका प्रभावहरूको गणना गर्न कठिन हुने चेतावनीसमेत दिएको छ ।

एम्बरले जलविद्युत् उत्पादनको सम्भावनामा जलवायु परिवर्तनको परिणामहरू भौगोलिक आधारमा भिन्न रहेको उल्लेख गरेको छ ।

"वर्षाको ढाँचा र तीव्रतामा आएको परिवर्तनका साथै वाष्पीकरणमा भएको वृद्धिले क्षेत्रगत आधारमा जलविद्युत् उत्पादनमा सकारात्मक र नकारात्मक दुवैरूपमा असर गर्नेछ," प्रतिवेदनमा भनिएको छ ।

मध्य अफ्रिका, भारत, मध्य एशिया र उत्तरी उच्च आक्षांश भएका केही क्षेत्रमा जलविद्युत् उत्पादन क्षमतामा वृद्धि देखिन सक्छ । तर दक्षिणी युरोप, दक्षिणी अमेरिकी र अन्य स्थानमा जलविद्युत् उत्पादन कमजोर हुने सम्भावना छ ।

यस वर्षको राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (कोप)को बैठकमा कोपका प्रमुखले सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा विश्वव्यापीरूपमा तीन गुणाले बढाउन आह्वान गरेका छन् ।

साथै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले गत महीना सन् २०३० सम्ममा जीवाश्म इन्धनको माग उच्च हुने प्रक्षेपण गरेको थियो ।

तर गत वर्षको पहिलो छ महीनाको तुलनामा यस वर्षको सोही अवधिमा वायु शक्ति र सौर ऊर्जाको उत्पादन अत्यन्त सुस्त गतिमा भएको छ, जसले ऊर्जा क्षेत्रमा लाभको कमजोरीलाई प्रतिबिम्बित गरेको छ ।

"वायु र सौर्य ऊर्जाको उल्लेखनीय वृद्धि उत्साहजनक भएपनि जलवायु परिवर्तनका कारण जलविद्युत् उत्पादनमा देखिएको प्रतिकूलतालाई हामीले नजरअन्दाज गर्न सक्तैनौं," एम्बरका वरिष्ठ विद्युत् विश्लेषक मालगोर्जेटा वेट्रस-मोटिकाले भने, "विश्व ऊर्जा क्षेत्र उत्सर्जनको उच्च अवस्थामा छ र यो दशकमा नवीकरणीय ऊर्जाको उत्पादन तीन गुणाले वृद्धि गर्न विश्वव्यापी सम्झौता गरेर हामीले जीवाश्म इन्धनको उत्पादनमा भएको तीव्र गिरावटलाई गति दिन आवश्यक छ ।" रासस

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


शुक्रवारदेखि जितिया पर्व शुरू भएको छ । बिहान महिलाहरूले नदी, पोखरीमा स्नान गरी सूर्यदेवलाई तेल र खरी चढाएका छन् भने भोलि बिहानदेखि व्रत बस्छन् । तिथिले गर्दा यस वर्ष जितिया पर्व दुई दिन पर्न गएको व्रतालुहरूले बताएका छन् । तस्वीरः नितेश कर्ण

# अर्थतन्त्रमा देखिएका समस्या समाधान हुँदैछन् -अर्थमन्त्री महत

चितवन, १९ असोज/रासस

अर्थमन्त्री डा प्रकाशशरण महतले देशको अर्थतन्त्र सही बाटोमा रहेकोले विद्यमान समस्याहरू समाधान हुने विश्वास व्यक्त गरेका छन् । नेपाली काङ्ग्रेस चितवन क्षेत्र नं १ को क्षेत्रीय सम्मेलनको उद्घाटन गर्दै उनले अर्थतन्त्र सुधारको बाटोमा रहेकोले नआत्तिन आग्रह गरे ।

अर्थमन्त्री डा महतले भने, "अब आर्थिक सङ्कटको अन्त्य हुने आशाका किरण देखा पर्दैछन् । मुलुकमा रहेको आर्थिक सङ्कट धेरै समय रहँदैन ।"

आर्थिक सङ्कटको अन्त्य गर्न सरकारले नीतिगत योजना बनाएको उल्लेख गर्दै उनले भने, "प्राथमिकताका आधारमा लगानी गर्ने, जग्गाको कारोबार बढाउन प्रक्रियागत सुधार गर्ने र व्यवसायीलाई लगानीको वातावरण बनाउन सरकार लागिपरेको छ ।"

नेपाली काङ्ग्रेसका प्रवक्तासमेत रहेका डा महतले अघिल्लो सरकारको जथाभावी खर्च गर्ने प्रवृत्तिका कारण अर्थतन्त्रमा समस्या आएको र यसलाई नियन्त्रण गर्न सरकार लागिपरेको बताए । उनले भने, "व्यक्तिले जथाभावी खर्च नगर्ने, व्यवसायीले मनलाग्दी तरीकाले लगानी नगर्ने र सरकारले प्राथमिकताको आधारमा लगानी गर्ने हो भने अहिलेको सङ्कट टर्छ ।"

अर्थमन्त्री डा महतले सामाजिक सञ्जालमार्फत नेपालको अर्थतन्त्रको विषयमा नियोजितरूपमा गलत प्रचार गरिएको गुनासो गरे । उनले भने, "गलत प्रचारका कारण अर्थतन्त्रको विषयमा निराशा छाएको छ, यही कारणले देश जटिलतातर्फ धकेलिएको हो ।" उनले पूँजी चलायमान नहुँदा पनि समस्या सिर्जना भएको बताए ।

# जलवायु वित्तको ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गर्न माग

काठमाडौं, १९ असोज/रासस

सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले जलवायु वित्तको कम्तीमा ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गर्न माग गरेको छ । महासङ्घले केन्द्रीय कार्यसमितिको बैठकको निर्णय शुक्रवार सार्वजनिक गर्दै उपभोक्ता समूहको निर्णय अनुसार खर्च गर्न पाउने गरी सो रकम सामुदायिक वन उपभोक्ता समूहलाई उपलब्ध गराउन सबै तहका सरकार र दातृ निकायसमक्ष आग्रह गरेको हो ।

जलवायु परिवर्तनसम्बन्धी नीति तथा कानूनहरूमा जलवायु वित्तका रूपमा प्राप्त रकमको कम्तीमा ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गरिने व्यवस्था छ ।

महासङ्घको सङ्घीय कार्यसमितिको दोस्रो बैठक यही असोज १७ र १८ गते काठमाडौंमा सम्पन्न भएको थियो । बैठकले प्रदेश सरकारले सामुदायिक वन उपभोक्ता समूहबाट सङ्कलन गर्दै आएको शुल्क सङ्कलनमा रोक लगाउने गरी सर्वोच्च अदालतबाट यही असोज १७ गते जारी गरिएको अन्तरिम आदेशको स्वागत र सम्मान गरेको छ ।

महासङ्घका अध्यक्ष ठाकुर भण्डारीले निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सामुदायिक वनका कार्ययोजना स्वीकृति गर्ने प्रक्रियामा र सामुदायिक वनमा पर्या-पर्यटन विकास गर्ने कार्यमा स्थानीय तहबाट सिर्जना हुँदै आएको अवरोधप्रति महासङ्घको ध्यानाकर्षण भएको बताए । उनले वन नियमावली २०७९ मा गरिएका विभिन्न व्यवस्था सङ्घीय वन ऐन २०७६ सँग बाझिएका र उक्त नियमावलीमा गरिएका कैयौं व्यवस्था सामुदायिक वन अभियानलाई अवरोध गर्ने किसिमका भएको भन्दै संशोधनको माग गरे ।

अध्यक्ष भण्डारीले भने, "संरक्षित क्षेत्रगायतका मध्यवर्ती क्षेत्रमा समेत स्थानीय समुदायको सहमतिविना र सामुदायिक वन क्षेत्रमा गम्भीर प्रभाव पर्ने गरी जलविद्युत् आयोजना र घरानिया वर्गका लागि केबलकार र होटल स्थापना गर्न सहज हुने व्यवस्था गर्न लागिएको छ, यसमा हाम्रो आपत्ति छ ।" उनले थप संरक्षित क्षेत्रहरू घोषणा नगरी सामुदायिक वनका माध्यमबाट नै जैविक विविधता संरक्षण गर्ने कार्यमा प्रतिबद्ध हुन सरकारसमक्ष आह्वान गरे ।

महासङ्घले सामुदायिक वनलाई अझ सशक्त बनाउन प्रकृति, संस्कृति र समृद्धिलाई मूल नाराका साथ आगामी मङ्सिरदेखि फागुन मसान्तसम्म सामुदायिक वन पुनर्जागरण अभियान सञ्चालन गर्ने तयारी गरेको छ । साथै सामुदायिक वन क्षेत्रमा युवा सहभागिता बढाउन र सामुदायिक वनको नेतृत्वमा ल्याउन अभिप्रेरित गर्ने उद्देश्यले सामुदायिक वनमा युवा अभियानका रूपमा विशेष कार्यक्रम सञ्चालन गर्ने महासङ्घले जनाएको छ ।

# बझाङको चैनपुर केन्द्रबिन्दु भएर फेरि भूकम्प

काठमाडौं, १९ असोज/रासस

सुदूरपश्चिम प्रदेशको बझाङको चैनपुर केन्द्रबिन्दु भएर गएराति दुईपटक भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार गए राति १०:५२ बजे बझाङको चैनपुर केन्द्रबिन्दु भएर चार दशमलव तीन तथा गएराति १२:२३ बजे चैनपुर नै केन्द्रबिन्दु भएर तीन दशमलव नौ रेक्टर स्केलको भूकम्प गएको हो ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र, लैनचौरका अनुसार गत मङ्गलवार अपराह्न २:४० बजे बझाङको तालकोट केन्द्रबिन्दु भएर पाँच दशमलव तीन रेक्टर स्केलको भूकम्प गएको थियो । दोस्रोपटक ३:०६ बजे बझाङ सदरमुकाम चैनपुर भएर छ दशमलव तीन रेक्टर स्केल, ३:१३ बजे चैनपुर केन्द्रबिन्दु भएर चार दशमलव एक रेक्टर स्केल, ३:४५ बजे सुरमा केन्द्रबिन्दु भएर चार दशमलव एक रेक्टर स्केलको भूकम्प गएको थियो ।

उक्त भूकम्पमा परेर एकजनाको ज्यान गएको थियो भने दर्जनौं व्यक्ति घाइते भएका थिए । यस्तै, सयौं घरमा क्षति पुगेको थियो ।

केन्द्रका भूगर्भविद् डा लोकविजय अधिकारी नेपाल भूकम्प जोखिमको क्षेत्र रहेकोले जुनसुकै बेला पनि भूकम्प जान सक्ने बताउँछन् । "विगत पाँच सय वर्षदेखि पश्चिम नेपालमा भूकम्प गएको थिएन, पछिल्लो समय उक्त क्षेत्रमा भूकम्प जान थालेको छ," उनले भने ।

पछिल्लो समय नेपालको पूर्वी तथा पश्चिमी हिमाली तथा पहाडी क्षेत्र केन्द्रबिन्दु भएर भूकम्प जाने क्रम जारी छ । नेपालको हिमाली तथा पहाडी क्षेत्रलाई भूकम्पको जोखिम क्षेत्रका रूपमा लिने गरिन्छ ।

निजी क्षेत्रको सक्रियता ...

घटाएर करको दायरा बढाउनुपर्नेमा उनको जोड थियो ।

उद्योग वाणिज्य महासङ्घका नगर उपाध्यक्ष सुरकृष्ण वैद्यले सरकारले व्यवसायीलाई सहजरूपमा काम गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए । उनले साना तथा घरेलु कार्यालयले गर्ने तालीम प्रभावकारी नभएको र लगानी खेर गइरहेको उल्लेख गर्दै तालीमका सन्दर्भमा उद्योग वाणिज्य महासङ्घसँग सहकार्य गर्न आग्रह गरे । उनले अहिलेको ब्याजदर बढी भएको भन्दै उद्योगी-व्यवसायी ब्याज तिर्न नसक्ने अवस्थामा रहेको बताए ।

ललितपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष मनोजबहादुर न्याछ्योंले हाल देखिएको समस्या समाधानका लागि तरलता व्यवस्थापन र ब्याजदरमा स्थायित्व कायम गर्न सरकार र राष्ट्र बैंकले ध्यान दिनुपर्ने बताए ।

# अवैध घरेलु मदिराभट्टीहरूमा छापामारी



कच्चा पदार्थ कुहाएर भण्डारण गरिएको मदिराको टङ्की भत्काउँदै बारा प्रहरी । तस्वीर सौजन्यः जिप्रका, बारा

प्रस, वीरगंज, १९ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले बाराका विभिन्न स्थानमा रहेका घरेलु मदिराभट्टीमा छापामारी गरी तोडफोड गरेको छ ।

बिहीवार करैयामाई गाउँपालिका–३ गालोपट्टी र महागढीमाई नगरपालिका–१० गंजभवानीपुरस्थित नौवटा अवैध घरेलु मदिराभट्टीमा छापामारी गरेको थियो । सो क्रममा प्रहरीले कच्चा पदार्थ ५४ हजार लिटर र तयारी मदिरा २५ हजार लिटर नष्ट गर्नुका साथै मदिरा बनाउन प्रयोग हुने ड्रम १४ वटा, डेक्ची एउटा, मदिरा तयार पार्ने मेशीन पाँचवटा नियन्त्रणमा लिएको जिप्रका, बाराका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए ।

यसैगरी, बुधवार पनि बारा प्रहरीले पचरौता नपा–८ स्थित पाँच ठाउँमा सञ्चालनमा रहेका अवैध मदिराभट्टी तथा आदर्श कोतवाल गापा–६ पटेर्वाका दुई ठाउँमा सञ्चालनमा रहेका अवैध मदिराभट्टी तोडफोड गरेको छ । सो ठाउँबाट कच्चा पदार्थ ४० हजार लिटर र तयारी मदिरा चार हजार लिटर नष्ट गरेको तथा मदिरा राख्ने ड्रम ७६ वटा, मदिरा तयार पार्ने मेशीन पाँचवटा नियन्त्रणमा लिएको सूचना अधिकारी प्रनाउ न्यौपानेले जानकारी दिएका छन् ।

# मधेस प्रदेशको मन्त्रिमण्डल हेरफेर

नितेश कर्ण, वीरगंज, १९ असोज/

मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको सिफारिशमा प्रदेश प्रमुख हरिशङ्कर मिश्रले मन्त्रिमण्डलको जिम्मेवारी र कार्यविभाजनसहित मन्त्रिमण्डल पुनर्गठन गरेको छ ।

प्रदेश प्रमुखको कार्यालय मधेस प्रदेशका निमित्त सचिव शत्रुघ्न यादवले शुक्रवार विज्ञप्ति प्रकाशित गर्दै मुख्यमन्त्रीको सिफारिशमा प्रदेशप्रमुख मिश्रले मन्त्रिपरिषद् पुनर्गठन गरेको बताएका छन् ।

मधेस प्रदेशका मुख्यमन्त्रीको सिफारिशमा पुनर्गठित मन्त्रिपरिषद्मा कृष्णप्रसाद यादव भौतिक पूर्वाधार विकास मन्त्री, सञ्जयकुमार यादव अर्थमन्त्री, महेशकुमार यादव शिक्षा तथा संस्कृति मन्त्री, गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री, सरिताकुमारी साह खेलकूद तथा समाज कल्याण मन्त्री, वीरेन्द्रप्रसाद सिंह स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री, सिंहासन साह



कलवार ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्री, रमेशप्रसाद कुर्मी वन तथा वातावरण मन्त्री, महम्मद समिम गृह, सञ्चार तथा कानून मन्त्री, सुनीता यादव उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री, चन्दनकुमार सिंह श्रम तथा यातायात मन्त्री, शेख अब्दुल कलाम आजाद ऊर्जा, सिंचाइ तथा खानेपानी मन्त्री, रहबर अन्सारी उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री रहेका जनाइएको छ ।


## नागरिकको कर्तव्य पूरा गरौं

## भ्रष्टाचार र अनियमितताविरुद्धमा उजूरी गरौं।

- घूस लिने र दिने दुवै अपराधी हुन् ।
- सार्वजनिक सम्पत्ति साझा सम्पत्ति भएकोले दुरुपयोग हुन नदिऔं ।
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं, भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं ।

**तसर्थः**

- भ्रष्टाचार वा अनियमितता भएको वा हुन लागेको थाहा भएमा राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सम्बन्धित निकायमा उजूरी दिऔं ।
- विकास निर्माणका आयोजनाहरूमा प्राविधिक परीक्षण गराऔं ।
- सार्वजनिक खरीद ऐन र नियमावली पालना गरी आयोजना सम्पन्न गराऔं ।
- सुशासन र सदाचार पद्धति कायम राख्ने कार्यमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# ट्रक नियन्त्रण

दिनेश मिश्र, वीरगंज, १९ असोज/

जीतपुरसिमरा उपमहानगरपालिका–



१ पथलैया चोकमा बिहीवार राति प्रहरीले एउटा ट्रकलाई नियन्त्रणमा लिएको छ। वीरगंजबाट झापा जाँदै गरेको ना.३ख १८३ नम्बरको ट्रक चेकजाँच गर्दा प्रहरीले बिलबीजकभन्दा बढी सामान भेटेपछि नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीका अनुसार सो ट्रकबाट २८ लाख ५० हजार मूल्य बराबरको सामान भेटिएको र सोको बिलबीजक देखाउन नसकेपछि नियन्त्रणमा लिएको जनाएको छ ।

सशस्त्र प्रहरी ...

सकुशल उद्धार गरेको थियो ।

विपत्मा फसेका स्थानीयहरूका उद्धारमा निजगढ नगरप्रमुख सुरथ पुरी, वडाध्यक्षहरू घनश्याम तिमल्सिना, टेकबहादुर लामालगायत जनप्रतिनिधिहरू, आफन्त र स्थानीयहरूसमेत गएका थिए।

त्यसैगरी, सोही मुसलधारे वर्षाले निजगढ नपा ७ नं वडा कार्यालय आसपासको भित्री बस्ती डुबानका कारण घरबाहिर निसक्न नसकेका चारजनालाई शुक्रवार बिहान सकुशल उद्धार गरिएको सप्रनाउ शर्माले जानकारी दिए । निजगढस्थित सशस्त्र प्रहरी सुरक्षा बेसलाई स्तरोन्नति गरी विपद् व्यवस्थापन बेस बनाएपछि बाढी, पहिरो, भूकम्प, आगलागीलगायतका विपत्मा उद्धार हुँदै आएको छ ।

# खेलकूदको संसार

## १९औं एशियाली खेलकूदमा नेपाललाई पहिलो पदक

काठमाडौं, १९ असोज/रासस

चीनको हाङझाउमा जारी १९औं एशियाली खेलकूदमा नेपालले पहिलो पदक प्राप्त गरेको छ । नेपालले महिला कबड्डीतर्फ कांस्य पदक प्राप्त गरेको हो ।

महिला कबड्डीको सेमिफाइनलमा नेपाल भारतसित पराजित भएको छ । भारतसित पराजित भएसँगै नेपाल कांस्य पदकमा सीमित भएको हो । सेमिफाइनल खेलमा भारतले नेपाललाई ६१–१७ अङ्कले पराजित गरेको हो ।



तस्वीरः रासस

नेपाल समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको हो । यस्तै, भारत समूह 'ए'को विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो । सेमिफाइनमा प्रवेश गरेसँगै नेपालले जारी एशियाली प्रतियोगितामा कम्तीमा कांस्य पदक पक्का गरेको हो । कबड्डीमा सेमिफाइनल पुग्ने चारवटै टोलीले पदक प्राप्त गर्ने प्रावधान छ ।

महिला कबड्डीतर्फ नेपालले पहिलोपटक एशियाली खेलकूदमा भाग लिएको हो । नेपाल रहेको समूह 'बी'मा इरान र बङ्गलादेश रहेका थिए । इरान समूह 'बी'को विजेताका रूपमा प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ ।

यसअघि नेपालले पहिलो खेलमा सोमवार बङ्गलादेशलाई ३७–२४ अङ्कले पराजित गरेको थियो भने दोस्रो खेलमा मङ्गलवार इरानसित १९–४३ अङ्कले पराजित भएको थियो । नेपाली टोलीमा मेनुकाकुमारी राजवंशी (कप्तान), मानमती विष्ट, जयन्ती बडु, सुनीता थापा, रविना चौधरी, अनुजा कुलुङ राई, गङ्गा घिमिरे, नीतु गुरुङ, इशा राई, अर्पणा चौधरी, सिर्जना थारू र कलावती पन्त रहेका थिए । टोलीका प्रशिक्षकमा विष्णुदत्त भट्ट थिए ।

## एशियाली खेलकूद : भारत बङ्गलादेशलाई हराउँदै फाइनलमा

काठमाडौं, १९ असोज/रासस

चीनमा जारी १९औं एशियाली खेलकूद प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेट खेलमा भारत बङ्गलादेशलाई हराउँदै फाइनलमा पुगेको छ ।

चीनको हाङझाउमा शुक्रवार भएको पहिलो सेमिफाइनल खेलमा भारतले बङ्गलादेशलाई नौ विकेटले पराजित गर्दै फाइनलमा पुगेको हो । बङ्गलादेशले दिएको ९७ रनको लक्ष्यलाई भारतले नौ दशमलव दुई ओभरमा एक विकेट गुमाउँदै पूरा गऱ्यो । भारतका लागि तिलक बर्माले अविजित ५५ रनको योगदान दिए । उनले २६ बल खेल्दै छ छक्का र दुई चौकाको मदतमा अविजित ५५ रनको योगदान दिएका हुन् । त्यस्तै, कप्तान ऋतुराज गायकवाडले ४० रन बनाए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङ थालेको बङ्गलादेशले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर ९६ रनको योगफल बनाएको थियो । बङ्गलादेशका लागि जाकेर अलिले सर्वाधिक २४ रनको योगदान दिए भने परवेज हास्साइन इमोनले २३ रन बनाए । त्यस्तै, राकिबुल हसनले १४ रन जोड्नुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

बलिङतर्फ भारतका साइ किशोरले सर्वाधिक तीन विकेट लिए भने वाशिङ्टन सुन्दरले दुई विकेट लिए । त्यस्तै, अरसदीप सिंह, तिलक बर्मा, रवि बिस्नोईले समान एक/एक विकेट लिए । यसअघि क्वार्टरफाइनल खेलमा भारतले नेपाललाई २३ रनले पराजित गर्दै सेमिफाइनलमा पुगेको थियो ।

## पाकिस्तानलाई हराउँदै अफगानिस्तान फाइनलमा पुग्यो

काठमाडौं, १९ असोज/रासस

चीनको हाङझावमा जारी १९औं एशियाली खेलकूद प्रतियोगिता अन्तर्गत पुरुष क्रिकेट खेलमा अफगानिस्तानले पाकिस्तानलाई पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ ।

हाङझाउमा आज भएको दोस्रो सेमिफाइनल खेलमा अफगानिस्तानले पाकिस्तानलाई चार विकेटले पराजित गर्दै फाइनलमा पुगेको हो । यो जीतसँगै अफगानिस्तानले फाइनलमा भारतसँगको भेट पक्का गरेको छ ।

पाकिस्तानले अफगानिस्तानलाई जीतको लागि ११६ रनको लक्ष्य दिएको थियो । जवाफमा अफगानिस्तानले १७ दशमलव पाँच ओभरमा छ विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । अफगानिस्तानको लागि नुर अलि जाद्रनले ३९ रनको योगदान दिए भने कप्तान गुल्बाद्दीन नैबले अविजित २६ रनको योगदान दिए ।

पाकिस्तानका अरफत मिनहास र अस्मान कदिरले समान दुई/दुई विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको पाकिस्तानले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै ११५ रनको योगफल बनाएको थियो । पाकिस्तानका लागि ओमैर युसुफले सर्वाधिक २४ रनको योगदान दिए भने अमेर जमलले १४ रन बनाए । त्यस्तै, अरफत मिनसले १३ तथा रोहिल नजिरले १० रन बनाए । अफगानिस्तानका फारिद अहमदले तीन विकेट झारे भने क्विस अहमदले दुई विकेट लिए। भारत र अफगानिस्तानबीचको फाइनल खेल भोलि हुँदैछ ।

## नेपाल र लाओसबीचको पहिलो खेल असोज २५ मा

काठमाडौं, १९ असोज/रासस

फूटबल वर्ल्ड कप–२०२६ क्वालिफायर्स एशिया जोन राउन्ड–१ अन्तर्गत नेपाल र लाओसबीचको खेल यही असोज २५ गते दशरथ रङ्गशालामा हुने भएको छ ।

शुक्रवार आयोजित पत्रकार सम्मेलनमा अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले उक्त जानकारी दिएको हो । फिफा वरीयतामा लाओस १८६औं र नेपाल १७५औं स्थानमा छन् । मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसको प्रशिक्षणमा हाल २५ सदस्यीय नेपाली टोली बन्द प्रशिक्षणमा रहेको एन्फाका प्रवक्ता सुरेश शाहले जानकारी दिए ।

छनोट खेलका लागि एन्फाले सम्पूर्ण तयारी गरिसकेको पनि उनले बताए । खेलको 'कमर्सियल मिडिया राइट' सिङ्गापुरस्थित स्पोर्ट्स फाइभलाई प्रदान गरिएको छ ।

खेलका लागि टिकटदर साधारण पाराफिटतर्फ रु तीन सय र भिआइपी पाराफिटतर्फ रु पाँच सय कायम गरिएको छ। खेलको टिकट एन्फा आफैंले बिक्री गर्नेछ । सो प्रतियोगिताका लागि रु ७३ लाख ६८ हजार चार सय खर्च हुने अनुमान गरिएको छ ।

## आइसिसी विश्वकप क्रिकेट : पाकिस्तान विजयी

काठमाडौं, १९ असोज/रासस

आइसिसी विश्वकप क्रिकेट–२०२३ अन्तर्गत भारतको हैदराबादमा शुक्रवार भएको दोस्रो खेलमा पाकिस्तानले नेदरल्यान्ड्सलाई पराजित गरेको छ ।

पाकिस्तानले नेदरल्यान्ड्सलाई ८१ रनले पराजित गर्दै विजयी भएको हो । पाकिस्तानले दिएको २८७ रनको लक्ष्य नेदरल्यान्ड्स ४१ ओभरमा सबै विकेट गुमाउँदै २०५ रनमा समेटियो । नेदरल्यान्ड्सका लागि बास डि लिडले सर्वाधिक ६७ रनको योगदान दिए । उनले ६८ बल खेल्दै छ चौका र दुई छक्काको मदतमा ६७ रनको योगदान दिएका हुन् ।

त्यस्तै, विक्रमजीत सिंहले ५२ रन बनाए । ६७ बल खेल्दै उनले चार चौका र एक छक्काको मदतमा ५२ रनको योगदान दिए । त्यस्तै, लोगान भान विकले अविजित २८ रन जोडे ।

बलिङतर्फ पाकिस्तानका हरिस राउफले तीन विकेट लिए । हसन अलिले दुई विकेट लिए भने शाहिन शाह अफ्रिदी, सादव खान तथा मोहम्मद नवाजले समान एक/एक विकेट झारे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको पाकिस्तानले ४९ ओभरमा सबै विकेट गुमाउँदै २८६ रनको योगफल बनाएको थियो । पाकिस्तानका विकेटकीपर मोहम्मद रिजवान र साउद सकिलले सर्वाधिक समान ६८ रनको योगदान दिए । रिजवानले ७५ बलमा आठ चौका प्रहार गर्दै ६८ रन बनाए । त्यस्तै, सकिलले ५२ बलमा नौ चौका र एक छक्काको मदतमा ६८ रन जोडे ।

त्यस्तै, मोहम्मद नवाजले ३९ रन जोडे भने शादब खानले ३२, हरिस रौफले १६, इमाम उल हकले १५, शाहिन शाह अफ्रिदीले १३ रन बनाए । त्यस्तै, कप्तान बाबर आजमले पाँच रन जोडे ।

बलिङतर्फ नेदरल्यान्ड्सका बास डि लिडले चार विकेट लिए भने कोलिन एकरम्यानले दुई विकेट लिए । त्यस्तै अर्यान दत्त, लोगन भान विक र पाउल भान मार्केनले समान एक/एक विकेट लिए ।

विश्वकप अन्तर्गत भोलि दुई खेल हुनेछन् । जसमा पहिलो खेलमा बङ्गलादेश र अफगानिस्तानबीच खेल हुनेछ । त्यस्तै, दोस्रो खेलमा दक्षिण अफ्रिका र श्रीलङ्काबीच प्रतिस्पर्धा हुनेछ ।